# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तामाकोशी गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तामाकोशी गाउँपालिका

## दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

तामाकोशी गाउँपालिका

दोलखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १३१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

तामाकोशी पालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दोलखा।

१. **कैफियत सहितको राय** — हामीले तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ७८ लाख ३७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ८१ लाख १४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९७ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९९ लाख २९ हजार र पेश्की बाँकी रु. २ लाख समेत रु. ३ करोड ६ लाख ७९ हजार रहेको छ ।तामाकोशी गाउँपालिकाको गतवर्ष सम्म रु.११ करोड ३१ लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. १४ करोड ३९ लाख ५ हजार रहेको छ । तामाकोशी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने तामाकोशी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा —** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी —** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तामाकोशी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी —** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

# तामाकोशी गाउँपालिका,

## दोलखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८२ | ९१ | ३७८३७ | ० | ३४ | ७२२२ | ८२ | ५७ | ३०६७९ | ७७२ | १९९२९ | ९७७८ | ० | ० | २९७०७ | २०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | ११३१६३ | ० | ० | ११३१६३ | ६३ | ३०६७९ | १४३९०५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा र छोटकरी व्यहोरा | | | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|---|
| | | दफा | व्यहोरा | रकम | |
| | २०७९।८० (चालु वर्षको) | ४८.३ | मूल्य समायोजनको भुक्तानी | ४३०५९५ | |
| | | ५०.३ | जमानतको म्याद थप सम्बन्धमा | १७५०० | |
| | | ५२ | जमानतको म्याद थप सम्बन्धमा | ४००००००० | |
| | | ५६ | सडक प्रयोगको अवस्था सम्बन्धमा | ६३२८०० | |
| | | ५८ | मू.अ. कर समायोजनको प्रमाण | १११५४६ | |
| | | ६२ | अग्रिम कर कट्टी सम्बन्धमा | १७२४४ | |
| | | ७२ | पेश्की फस्यौंट सम्बन्धमा | १००००० | |
| | | ७७ | सेनिटरी प्याड वितरण | ९९६०४९ | |
| | | ८१ | इन्टरनेट जडान तथा सञ्चालन | ३९६००० | |
| | | ८३ | खर्चको प्रमाण पेश | ५७००० | |
| | | ८४ | बिलम्व शुल्क | १५०४७५ | |
| | | ८८ | बढी भुक्तानी | ४०३१७ | |
| | | ८९ | बढी पारिश्रमिक भुक्तानी | ३३३० | |

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>९९</td><td>दिवा खाजा अनुदान सम्बन्धमा</td><td>७०९८३</td></tr>
<tr><td>१००</td><td>ब्याक हो लोडर सञ्चालन सम्बन्धमा</td><td>४०४२५</td></tr>
<tr><td>१०१</td><td>दिवा खाजा हाजिरी भरपाई</td><td>१०४९६७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८११३९३४</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>चालु वर्षको जम्मा</td><td></td><td>८११३९३४</td></tr>
<tr><td></td><td>गत विगत वर्षतर्फको</td><td></td><td></td></tr>
<tr><td></td><td>२०७८।७९</td><td>कुनै पनि दफा संपरीक्षण नभएको</td><td></td></tr>
<tr><td></td><td>२०७७।७८</td><td>कुनै पनि दफा संपरीक्षण नभएको</td><td></td></tr>
<tr><td></td><td>२०७६।७७</td><td>कुनै पनि दफा संपरीक्षण नभएको</td><td></td></tr>
<tr><td></td><td>गत विगतको जम्मा</td><td></td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td>८११३९३४</td></tr>
</table>

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

## १ परिचय

**(क) स्थानीय तह परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । कुल क्षेत्रफल १५३.०६ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको वडा संख्या ७, सभा सदस्य संख्या ३९ र जनसंख्या १५१६३ रहेको छ ।

**ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२७ देखि २०८०।५।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको गत वर्षको जिम्मेवारीबाट रु.१२२६१८५१५।- यसवर्ष आन्तरिक आयबाट रु.३४३६२०९०।-, राजस्व बाँडफाँड रु.८२६४३७७७।-, अनुदानबाट रु.४२०००१४३०।- र अन्य प्राप्तिबाट रु.३८६१२६७।- समेत कुल रु.६६३४८७०७८।- आम्दानी तथा चालु तर्फ रु.३७९८१८२४४।-र पूँजीगत तर्फ रु.२०७५६५०४८।-समेत रु.५८७३८३२९२।- खर्चको लेखापरीक्षण गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२४,२२,११५।-असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ ।

,,

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | विभिन्न दाधिकारीलाई बढी अनुगमन भत्ता असुल भई दाखिला | ५०४७५ |
| २ | दहत्तर बहत्तर ठेक्काको मू.अ.कर दाखिला असुल भई दाखिला | २०७५९४५ |
| ३ | दहत्तर बहत्तर ठेक्काको राजस्व बाँडफाँट बापतको रकम प्रदेश सञ्चितकोष दाखिला | २९५६९५ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरणको परीक्षण

आर्थिक स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

### ३ वित्तीय विवरणको परीक्षण

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको पाइयो । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१५९१६४८८४।- मौज्दात रहेकोमा यो वर्ष रु.१२२६१८५१५।- जिम्मेवारी सारेको पाइयो । जस अनुसार रु.३६३४६३६९।- घटी जिम्मेवारी सारेको देखिएको छ । गत आर्थिक वर्षमा पनि घटी जिम्मेवारी सारेको जनाई रु.२७३,४६,८६०।- को लगती बेरुजु कायम भएको हुँदा सोही कारणबाट यस वर्ष पनि हिसाब भिडान हुन नसकेको भन्ने कार्यालयको भनाइ रहेको छ । अघिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदनमा लगती व्यहोरा कायम भएको अंक घटाउँदा समेत रु.८९,९९,५०९।- यस आ.ब.मा घटी जिम्मेवारी सारेको देखिएकोले सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,९९,५०९ |

३.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरिएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७२) तयार गर्नुपर्नेमा पालिकाले सामाजिक सुरक्षातर्फको रु.१०२७५११८४।७५ तथा एकीकृत पूर्वाधार विकास कार्यक्रम तर्फको रु.४३४२२९५४।- समेत गरी रु.१४६१७४१३८।७५ SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन । जसले गर्दा SuTRA बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५४२,८५,२५८।२१ | ३३२१४४२०।७९ | -२१०७०८३७।४२ |
| चालु खर्च खाता | ० | १६०९१०८२ | १६०९१०८२ |
| पुँजीगत खर्च खाता | ० | ६५९२३५९।३५ | ६५९२३५९।३५ |
| **जम्मा** | **५४२,८५,२५८।२१** | **५५८,९७,८६२।१४** | **१६,१२,६०३।९३** |

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) मा श्रेस्ता अनुसार संचित कोष, चालु खर्च खाता र पूँजीगत खर्च खाता समेतमा जम्मा रु.५४२,८५,२५८।२१ मौज्दात रहेकोमा बैंक स्टेटमेन्ट अनुसार उक्त खाताहरुमा रु.५५८,९७,८६२।१४ बाँकी रहेको देखिएको छ । तसर्थ बर्षान्तमा श्रेस्तामा भन्दा बैंकमा

रु.१६१२६०३।९३ बढी मौज्दात देखिएको सम्बन्धमा पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३.५ **स्थानीय तह विविध कोष** – SuTRA प्रणालीको म.ले.प.२७२ मा स्थानीय तह विविध कोष खाताको श्रेस्ता अनुसार रु.३५८६८५९।५० मौज्दात देखिएकोमा उक्त खाताको बैंक मौज्दात रु.३५५२८६६।— मात्र रहेकोले श्रेस्तामा भन्दा बैंक रु.३३९९३।५० घटी देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,९९३.५ |

३.६ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.६७०३७।- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्वन्धीत खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,५७४ |

## ४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम २०७९ असार २९ गते फिर्ता गरेको पाइयो । खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा रु.२९३७६३४३।४० र प्रदेश सञ्चित कोषमा रु.६९२२७००।- गरी जम्मा रु.३६२९९०४३।४० फिर्ता गरेको पाइयो ।

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले २०७९।३।१० गते रु.७४ करोड ८७ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।४।५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्बन्धमा देखिएका थप व्यहोरा देहायबमोजिम छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन ।
- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची - ११ बमोजिम ढाँचामा तयार गरेको पाइएन ।
- स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा केही योजना हस्तान्तरण गरेको पाइएन भने सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बधमा यकिन गर्न सकिएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।

- पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थिति मूल्याङ्कन गर्न सक्ने स्थिति नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्वन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको नगरेको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नगरेको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्वन्धित समितिमा पेस गरेको नदेखिएको,
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मीटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैंले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नरहेको,

- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन कमजोर रहेको,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ७ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले अन्तरसरकारी अख्तियारी बाहेकको आन्तरिक लेखापरीक्षण गराएको पाइएन । सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ बजेट विनियोजन

आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको पाइयो ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ७४८७५१८३४.६७ | ४४४३५७६४९.६७ | ५९.३५ | ३०४३९४१८५ | ४०.६५ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.७४८७५१८३४.६७ बजेट विनियोजन भएकोमा चालु तर्फ रु.४४४३५७६४९.६७ (५९.३५ प्रतिशत) र पूँजीगत तर्फ रु.३०४३९४१८५.०० (४०.६५ प्रतिशत) बजेट विनियोजन भएको पाइयो।

## १० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्वन्धीत अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र

सांस्कृतिक विकास उल्लेख गरेको पाइयो र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रू.१ लाखभन्दा कमको योजना | ३ | ३००००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १५२ | ३५९६१००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ८० | ३६४१२००० |
| ४ | रू.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ४६ | ३६१४३००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १७ | ३१६९५५२० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | ४ | १४३००००० |
|  | **जम्मा** | **३०२** | **१५४८११५२०** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको पाइयो । त्यसैगरी यो वर्ष सभाले पारित गरेका योजना मध्ये ५८ योजनावाट रकमान्तर गरी १५४ योजना थप भई कार्यान्वयन भएको देखिन्छ।

## ११ बजेट तथा चालु खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

| बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|
| ४४४३५७६४९.६७ | ३७९८१८२४४ | ८५.४८ |

पालिकाले यस वर्ष चालु तर्फ रु. ४४४३५७६४९.६७ विनियोजन गरेकोमा रु.३७०२२४२१९।०० खर्च गरेको पाइयो जुन ८५.४८ प्रतिशत हुन आउँछ ।

## १२ बजेट तथा पूँजीगत खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

| बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|
| ३०४३९४१८५ | २०७५६५०४८ | ६८.१९ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.३०४३९४१८५।- विनियोजन गरेकोमा रु.२०७५६५०४८।- खर्च गरेको पाइयो जुन ६८.१९ प्रतिशत मात्र हुन आउँछ ।

## १३ खर्च बिश्लेषण

पालिकाले गत वर्षको जिम्मेवारीबाट रु.१२२६१८५१५।- यसवर्ष कुल आन्तिरक आयबाट रु.३४३६२०९०।-, राजस्व बाँडफाँड रु.८२६४३७७।-, अनुदानबाट रु.४२०००१४३०।- र अन्य प्रासीवाट रु.३८६१२६७।- समेत रु.६६३४८७०७८।- आम्दानी भएकोमा चालु तर्फ रु.३७९८१८२४४।- र पूँजीगत तर्फ रु.२०७५६५०४८।- समेत रु.५८७३८३२९२।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.८५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.६६१००००।- खर्च भएको छ जुन आन्तरिक आयको १९.२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.२५ प्रतिशत चालु र ३१.२८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (*रु.हजारमा*) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २९९६८ | ० | ० | १८०७८ | ११८९० | १११९३ |
| २ | प्रदेश पूँजीगत | २७१११ | ० | ६६ | २४९० | २४५५४ | २१९६९ |
| ३ | गाउँपालिका पूँजीगत | १४९५५२ | १९०० | १२१६१ | १८९७ | १३३५९३ | ७००६९ |
| | **कूल खर्च** | २०६६३२ | १९०० | १२२२७ | २२४६६ | १७०० | ९३२३२ |
| | **खर्च प्रतिशत** | **१००** | **०.९२** | **५.९२** | **१०.८७** | **८२.२९** | **४९.९६** |

उल्लेखित विवरण अनुसार प्रथम त्रैमासिक पूँजीगत खर्चको ०.९२ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ४९.९६ प्रतिशत खर्च भएको देखिन्छ । यसरी चौथो त्रैमासिक र असार महिनामा बढी खर्च खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढ महिनामा आएर खर्चको चाप परेको देखिन्छ । जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चको प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४६९३४००० | ३३६६८२२१ | ७१.७३ |
| सामाजिक क्षेत्र | ३४०७५२५१९ | २९५३०४८७५.१० | ८६.६६ |
| पूर्वाधार विकास क्षेत्र | २४४०२३५७२ | १५३०११७४२ | ६२.७ |
| वित्तीय व्यवस्थापन र सुशासन | २८८७८००० | २४८६५५७४ | ८६.०१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८८१६३७४३.६७ | ७०९३८८५४.९० | ८०.४६ |
| **जम्मा** | **७४८७५१८३४.६७** | **५७७७८९२६७.००** | **७७.१६** |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८६.६६ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा न्यूनमा ६२.७ प्रतिशत खर्च भएको पाइयो ।

## १६ सेवा प्रवाह

पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ३२४७ जनालाई देहाय बमोजिम पञ्जीकरण सेवा प्रवाह गरेको पाइयो -

| सेवाको किसिम | संख्या |
|---|---|
| नागरिकता सिफारिस | ७८६ |
| घरबाटो सिफारिस | ९३१ |
| नाता प्रमाणित | ६७० |
| जन्म मृत्यु दर्ता | ४१५ |
| अन्य सेवा | ४४५ |
| **जम्मा** | **३२४७** |

## १७ दरबन्दी तथा पदपूर्ति

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको पाइयोः-

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ति | रित्त संख्या | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|---|
| अस्पताल | १ | १५ | ४ | ११ | १५४३१ |
| स्वास्थ चौकी | ७ | ३५ | ३४ | १ | १५४३१ |
| **जम्मा** | **८** | **५०** | **३८** | **१२** | **१५४३१** |

उक्त विवरण अनुसार पालिकामा १ अस्पताल र ७ स्वास्थ्य चौकीमा कुल ५० दरबन्दी रहेकोमा हाल ३८ पद मात्र पूर्ति भएको र बाँकी पदपूर्ति गर्नुपर्ने देखिन्छ। स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुरुप पदपूर्ति नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

## १८ सेवा करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी, सवारी चालक, माली, बगैंचे, चौकीदार, कार्यालय सहयोगी आदिको पद बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा उल्लेख छ । तर पालिकाले गत विगत वर्षदेखि सेवा करारमा राख्न नमिल्ने देहायका पदमा कर्मचारी भर्ना गरी यस वर्ष मात्र रु.3727061।00 भुक्तानी भएको छ। स्थानीय सरकार गठन भएको ५ वर्ष पुरा भएको, यस अवधिमा शुरु वर्ष लोकसेवा आयोग (संघ) बाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोकसेवा आयोगबाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपूर्ति माग गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । अतः ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य नियमसम्मत देखिएन ।

| सि नं. | पद | कर्मचारीको नाम | मासिक तलब | चाडपर्व समेत वार्षिक पारिश्रमिक |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | श्री पवनराज फुयाँल | ४३६८९ | ५६७९५७ |
| २ | कृषि अधिकृत | श्री विदुर तिमल्सेना | ४३६८९ | ५६७९५७ |
| ३ | सिभिल ईन्जिनियर | श्री सुवोध चापागाई | ४३६८९ | ५६७९५७ |
| ४ | अ. सब ईन्जिनियर | श्री राजेन्द्र बराल | ३४७३० | ४५१४९० |
| ५ | प्रशासन तथा लेखा सहायक | श्री इराजन पोखरेल | २२००० | २८६००० |
| ६ | प्रशासन तथा लेखा सहायक | श्री महेशकुमार घिमिरे | ३२९०० | ४२७७०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्रशासन तथा लेखा सहायक | श्री पार्वती घिमिरे | २२००० | २८६००० |
| ८ | कार्यालय सहायक | श्री गीता कार्की | २२००० | २८६००० |
| ९ | कार्यालय सहायक | श्री शान्तिप्रसाद पोखरेल | २२००० | २८६००० |
| **जम्मा** | | | **२८६६९७** | **३७२७०६१** |

## १९ पद रिक्त

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ति स्वतः बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०७९/८० का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपाठाई १२ जनालाई प्रत्येक ६ महिनामा म्याद थप गर्ने गरी करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## २० आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक सहायता सम्बन्धी कानून तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई अध्यक्षको तोक आदेश तथा कार्यपालिका निर्णय अनुसार औषधी उपचार, किरिया खर्च, दैवी प्रकोप पीडित लगायतका आर्थिक सहायता बापत रु.७,६०,०००।- वितरण गरेको देखियो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## २१ भ्रमण अभिलेख

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धीत कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अनुगमन, मूल्याङ्कन तथा भ्रमण खर्चमा रु.३४,२०,३९५।- खर्च गरेकोमा भ्रमण खर्च अभिलेख खाता राखेको पाइएन राखेको भएतापनि कार्यक्रमको उद्देश्य किटान हुने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

## २२ खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष पालिका चालु

शिर्षकबाट खाना तथा विविधमा रु.३१,६०,३७८।- खर्च लेखाङ्कन गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

## २३ दरबन्दी र पदपूर्ति

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था निम्नानुसार रहेको पाइयो। कुल ११५ दरवन्दी रहेकोमा ९० पदपूर्ति भइ २५ दरबन्दी रिक्त रहेको पाइयो । रिक्त दरबन्दी पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

**(दरबन्दी तथा पदपूर्तिसँग सम्बन्धित विवरण अनुसूची -४ मा रहेको छ।)**

## २४ आन्तरिक आय र खर्चको अनुपात

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा आन्तरिक आय र खर्चको अनुपात स्थिति देहाय बमोजिम छ ।

| जम्मा आन्तरिक आय | पालिकाको जम्मा खर्च | खर्चको तुलनामा आय प्रतिशत |
|---|---|---|
| ९६,७३,८११।१२ | ५८,७३,८३,२९२.०० | १.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 1.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २५ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९।८० को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.९४६७७९६।- प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.९६७३८११।१२ अर्थात् अनुमान भन्दा २.१७ प्रतिशत बढी आय प्राप्त गरेको पाइयो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## २६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## २७ बजेट सीमा निर्धारण समिति

संस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्वन्धीत पदाधिकारीको ध्यान जानुपर्दछ ।

## २८ पद रिक्तताको सूचना

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्वन्धीत स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ११५ जना रहेकोमा देहाय बमोजिम ९० जना कार्यरत रही २५ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको पाइएन ।

## २९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ३० कर संकलन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ३४३६२०९० | ३४५६८१०५ | १००.६ |

उपर्युक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा १००.६ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा थप बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ३१ नक्सा दर्ता र पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सा पास संख्या |
|---|---|---|---|
| १ | २०७९/८० | ३ | ३ |

## ३२ सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाको कुल दरबन्दीको करिब एक तिहाइ दरबन्दी करारबाट पूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

आर्थिक वर्ष २०७९।०८० मा पालिका अन्तर्गतका वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था देहाय बमोजिम रहेको छ ।उक्त विवरण अनुसार पालिकामा जम्मा २४९ दरबन्दी रहेकोमा ११३ जना स्थायी पदपूर्ति र १७२ जना राहत/करारमा नियुक्त गरी जम्मा २७५ पदपूर्ति गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**(यससँग सम्बन्धित विवरण अनुसूची-५ मा संलग्न छ।)**

## ३३ विद्यार्थी शिक्षक अनुपात

संघीय शिक्षा नियमावली अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० विद्यार्थी शिक्षक अनुपात तथ्याङ्क विश्लेषण गर्दा पालिका अन्तर्गतका ५१ वटै सामुदायिक विद्यालयको विद्यार्थी:शिक्षक अनुपात राष्ट्रिय दरभन्दा न्यून रहेको पाइयो । हिमाली भेगमा प्रति शिक्षक ४० विद्यार्थी हुनुपर्नेमा एक विद्यालय बाहेक अन्य सबैमा सोभन्दा न्यून मात्र विद्यार्थी रहेको पाइयो । विद्यार्थी:शिक्षक अनुपातको अवस्था देहाय बमोजिम छ।

**(विस्तृत विवरण अनुसूची ६ मा संलग्न छ ।)**

## ३४ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट तथा खर्च | २१४०८७००० | १८५८५३०९८ | ४०५६ | ४५८२१.७६ |

उपर्युक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ४५८२१.७६ रहेको देखिन्छ।

## ३५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धी व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार यस गाउँपालिकामा गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ रहेको र यस बर्ष विभिन्न विषयका २० समेत कुल २३ विवाद दर्ता भएकोमा १७ फछ्र्यौट भई ६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

यस पालिका अन्तर्गत रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छः-

| सहकारी संस्थाको किसिम | संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण | १९ | १५४७७ | ५४७८९७५० | ५६५८२७२३९ | ५११०५३२७३ | २४६१४९३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहकारी संस्था लिमिटेड | | | | | | |
| बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | १ (प्रदेश कार्यक्षेत्र) | ८६५२ | २२५६२३०० | २७३०६४३०७ | २९४५१३९१ | २०२००००० |
| कृषि सहकारी संस्था लि. | १७ | ४४३१ | ८०४३७०० | ६२३१३४३८ | ८५५७३८८६ | १७५९४८४ |
| अन्य सहकारी | ११ | - | - | - | - | - |
| **जम्मा** | **४७ (१ प्रदेश)** | **२८५६०** | **८५३९५७५०** | **९०१२०४९८४** | **६२६०७८५५०** | **४४८१४९३५** |

## ३७ कृषि तथा पशुमा अनुदान

बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस पालिका विभिन्न कृषि तथा पशुपंक्षी कृषक समूह तथा फर्महरुलाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएकोमा सोको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरेको देखिएन । अतः अनुदान रकमबाट नागरिकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ । यो वर्ष कृषि तथा पशुपालन क्षेत्रमा प्रवाह भएको अनुदानका केही उदाहरण देहाय अनुसार छन्।

| कार्यक्रमको नाम | अनुदान रकम | लाभग्राही संख्या | अनुदान % | कैफियत |
|---|---|---|---|---|
| नयाँ किवी पकेटक्षेत्र कार्यक्रम | १४४७५०० | ७७ | ५०.००% | संघीय स-शर्त तथा गा.पा. को किवी पकेट क्षेत्र निरन्तरता कार्यक्रम सँग मिलान |
| आलु पकेट विकास निरन्तरताकार्यक्रम | ६००००० | ५१ | ५०.००% | संघीय स-शर्त |

| | | | | |
|---|---|---|---|---|
| दुधमा प्रतिलिटर रु २ अनुदान कार्यक्रम | ४००००० | १२३ जना | १०० % | डि.डि.सी को प्रमाणित पत्र अनुसार प्रति लि. दुधमा रु २ ले अनुदान दिएको । |
| गाइभैसी सुत्केरी स्याहार अनुदान प्रति सुत्केरी हजारका दरले | ५००००० | | १०० % | प्रत्यक वडाले पेश्की लिइ कार्यक्रम संचालन गरेको । |
| कृषिप्रवर्धन कार्यक्रम | ११४८६२३ | ११ घरधुरी | ५०.००% | प्रदेशस-शर्त तथा गा.पा. को केरा तथा रूखकटहर खेती विस्तार सँग मिलान |
| लागतसाझेदारीमा नर्सरी स्थापना कार्यक्रम | १७४००० | २ घरधुरी | ५०.००% | गा.पा. तर्फ |
| प्राङ्गारिकखेति प्रबर्धन कार्यक्रम | ३९४१७२ | ८ धरधुरी | ५०.००% | गा.पा. तर्फ |
| **जम्मा** | **४६६४२९५** | | | |

माथि उल्लिखित अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा आवधिक अनुगमन हुने गरेको देखिएन प्राप्त अनुदान रकमबाट कृषकहरुले कृषि तथा पशुधनको बीमा गराएको देखिएन । बीमालाई अनिवार्य गराई अनुदानका क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ। वितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्नुपर्दछ । वितरीत अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भयो, सोको तथ्याङ्क लिई अनुदानलाई उत्पादकत्वसँग जोड्ने गरी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ । अनुदान रकम प्रवाह गरेकै आधारमा वितरित रकमको समुचित उपयोग भएको छ भनी विश्वस्त हुने अवस्था देखिँदैन । निश्चित सूचक तथा मापदण्डको आधारमा अनुदान दिने व्यवस्था हुनुपर्दछ । साथै वितरित अनुदान रकमको स्पष्ट अभिलेख राखी कार्य सम्पादन तथा उपलब्धि स्थितिको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

## ३८ मन्दिर, गुम्बा तथा चर्च निर्माण

पालिकाबाट प्राप्त विवरणअनुसार यस आ.व.मा मन्दिर, गुम्बा तथा चर्च निर्माण लगायतमा रु. १ करोड २७ लाख खर्च गरेको पाइयो । यस्ता अनुत्पादक क्षेत्रमा हुने लगानी नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | २०७९।८० मा थप संख्या | पालिकाको अनुदान रकम | |
|---|---|---|---|---|
| | | | संख्या | रकम |
| १. | मन्दिर | ६ | ६ | ७००००० |
| २. | गुम्बा | ५ | ५ | ५२०००००० |
| ३. | चर्च | २ | २ | ६८०००००० |

| | | | | |
|---|---|---|---|---|
| | | १३ | १३ | १२७०००० |

## ३९ परामर्श सेवा खरिद

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत देहायअनुसार रु.८५४७६०।०० भुक्तानी गरेको देखियो । पालिकाले यस वर्ष खानेपानी लगायतका कार्यमा परामर्श विधिबाट २ वटा सेवा खरिदका लागि जम्मा रु.८५४७६०।०० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.८५४७६०।- भुक्तानी गरेको पाइयो । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| क.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. |
|---|---|---|---|---|
| १ | संस्था दर्ता प्रणाली | स्वस्तिक नेटमाईन्डस प्रा.लि. | ३५५९५० | ३५५९५० |
| २ | प्रारम्भिक प्रभाव मूल्याँकन | रिसर्च इनक्ल्याव | ४९८८१० | ४९८८१० |
| | **जम्मा** | | **८५४७६०** | **८५४७६०** |

## ४० ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण, सडक स्तारोन्नती, खानेपानी योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३२ प्रतिशत देखि ५२ प्रतिशत सम्म न्यूनमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा अधिक न्यून रकममा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा नै गुणस्तरीय कार्य हुने अवस्था भए नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत न्यूनमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही उदाहरण देहायअनुसार छ ।

| क.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भिरकोछ छौडे देउराली सडक स्तरोन्नति | 01/TRM/NCB/WORKS/ R/2079-080 | प्रदेज भिमेश्वर जे.भि. | ४६७६८७५६ | ३१४०८३६४ | ३२.८४ |
| २ | तामाकोशी सितापाइला छौडे देउराली सडक स्तरोन्नति | 02/TRM/NCB/WORKS/ R/2079-080 | डिमुन कन्स्ट्रक्सन प्रा.लि. | १९४६९६७४ | ९६९४६२१ | ५०.२१ |
| ३ | देउराली जंघारे सडक स्तरोन्नति | 03/TRM/NCB/WORKS/ R/2079-080 | डिमुन कन्स्ट्रक्सन प्रा.लि. | १९४८५११० | ९५१४८८९ | ५२.४२ |
| ४ | फेदीटावर जोरमाने सडक स्तरोन्नति | 0४/TRM/NCB/WORKS/ R/2079-080 | डिमुन कन्स्ट्रक्सन प्रा.लि. | १९४६७३९७ | ९४६०२८७ | ५१.४० |

## ४१ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ४२ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम रु. | संख्या | रकम रु. |
| ३१७ | १५ | १४९५८२६६५ | ३०२ | १५४८११५२० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३१७ योजनामा मध्ये ठेक्का मार्फत १५ वटा योजनामा रु.१४९५८२६६५।- खर्च भएको देखिन्छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३०२ योजनामा रु.१५४८११५२०।- खर्च गरेको पाइयो । अर्थात ३१७ योजनामा भएको खर्च मध्ये ४९.१५ प्रतिशत ठेक्का प्रक्रिया र ५०.८५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ४३ खरिद व्यवस्थापन

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | १५ | १४९५८२६६५ | ० | ० | 5 | ५२५४८९८० | ६ | ५९७८८११२.५० |
| सिलबन्दी दरभाउपत्रबाट | ० | ० | ० | ० | ० | | | |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकालले विभिन्न कार्यको लागि रू.१४ करोड ९५ लाख ८२ हजार लागतको १५ ठेक्का बन्दोबस्त गरेकोमा दोश्रो चौमासिकमा रु.५ करोड २५ लाख ४८ हजारको ५ वटा ठेक्का र तेस्रो चौमासिकमा रु.५ करोड ९७ लाख ८८ हजारको ६ वटा ठेक्का व्यवस्थापन भएको देखिन्छ ।

## ४४ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । सबै योजनामा लागत अनुमान बराबर नै काम हुने अवस्था नहुन सक्नेमा उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख गरेको देखियो । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नहुने हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ४५ चेनेज तथा लोकेशन

सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक कालोपत्रे, ढलान (रिजिड पेभमेण्ट), नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा चेनेज खुलाउने गरेको पाइएन । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## ४६ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.२०,९२,५०,४२१।१० योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । आयोजनाहरु समयमा सम्पन्न नभई अधुरो रहँदा सेवा प्रवाहमा समेत असर परेको अवस्था छ । समयमै कार्य सम्पन्न गर्ने /गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं. | योजना | निर्माण व्यसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | म्याद थप |
|---|---|---|---|---|---|
| १३-२०७७।७८ | १० शैया आधारभूत अस्पताल भवन निर्माण | प्रतिष्ठाप्रेरा जे.भी. काठमाण्डौ | १४५७०४३४०.४ | २०७८।९।१२ | १ पटक |
| ०३-२०७७।७८ | मालुपम्प सेट सिंचाइ योजना | Sun Bridge Solar Nepal | ३४६७९१७.१८ | २०७८।१०।१४ | २ पटक |
| ०४-२०७९।८० | भिरकोट छौडे देउराली सडक स्तरोन्नति | प्रदेज भिमेश्वर जे.भी. | ३१४०८३६४।३५ | २०८०।२।२२ | म्याद थप नभएको |
| ०२-२०७९।८० | तामाकोशी सितापाइला छौडे देउराली सडक स्तरोन्नति | डिमुन कन्स्ट्रक्सन | ९६९४६२१।८३ | २०७९।११।८ | म्याद थप नभएको |
| ०३-२०७९।८० | देउराली जंघारे सडक स्तरोन्नति | डिमुन कन्स्ट्रक्सन | ९५१४८८९।४९ | २०७९।११।८ | म्याद थप नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ०४-२०७९।८० | फेदीटावर जोरमाने सडक स्तरोन्नति | डिमुन कन्स्ट्रक्सन | ९४६०२८७।८५ | २०७९।११।८ | म्याद थप नभएको |

४७ **आधारभूत अस्पताल भवन निर्माण**

तामाकोशी गाउँपालिका वडा नं ४ स्थित मालुमा निर्माणाधीन १० शैय्याको अस्पतालको ठेक्का प्रक्रियाको परीक्षण गर्दा गाउँपालिकाले मिति २०७८/०२/१८ मा प्रकाशित गरेको बोलपत्रको सूचना बमोजिम पर्न आएका बोलपत्रहरूको कबोल अंक सारभूत रुपमा प्रभावग्राही नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(ख) अनुसार कबोल अंक लागत अनुमान भन्दा बढी भएकोले बोलपत्र अस्वीकृत गर्न सिफारिस गर्ने भनी बोलपत्र मूल्यांकन समितिले मिति २०७८/०७/२० मा निर्णय गरेको र सो निर्णयलाई गाउँ कार्यपालिकाको मिति २०७८/०७/११ को ८५औं बैठकले अनुमोदन गरी पर्न आएका बोलपत्रहरूको अस्वीकृत गर्ने आशयको सूचना मिति २०७८/०७/१२ मा प्रकाशन गरेको देखियो ।

उक्त सूचना प्रकाशन भएपश्चात गाउँपालिकाको निर्णय उपर बोलपत्रदाता मध्येको Pratistha-Prera J.V. ले मिति २०७८/७/२२ मा सार्वजनिक खरिद ऐनको दफा ४८ अनुसारको सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष पुनरावलोकनको लागि निवेदन दिएकोमा सो समितिले निवेदन उपर सुनुवाइ गरी मिति २०७८/०८/२० मा बोलपत्र मूल्यांकन समितिले बोलपत्र अस्वीकृत गर्न कबोल अंक बढी भएको भनी लिएको आधार मिलेको नदेखिँदा बोलपत्र मूल्यांकन समितीको निर्णय र गाँउकार्यपालिकाको निर्णय बदर गरीदिएको छ र पुनरावलोकनको निवेदक प्रतिष्ठा जे भी को कबोल अंक सारभूत रूपमा लागत अनुमान भन्दा बढी हो होइन भन्ने बारेमा यथार्थपरक एवं यथेष्ट परीक्षण गरी अस्पताल जस्तो प्राथमिकतामा रहेको संरचनाताई यथासक्य छिटो निर्माण कार्य प्रारम्भ गर्ने उद्देश्य हासिल गर्न संवेदनशीलताका साथ नियमानुसार बोलपत्रको मूल्यांकन प्रक्रियालाई अगाडि बढाई खरिद प्रक्रिया टुङ्ग्याउनू भनी आदेश जारी गरेको पाइयो ।

उक्त आदेश प्राप्त भएपछि गाउँपालिकाले बोलपत्रको पुनः मूल्यांकन गरे गराएको कागजात लेखापरीक्षणका क्रममा प्राप्त हुन आएन । उक्त आदेश प्राप्त भएकै आधारमा बोलपत्रदाता/ पुनरावलोकन निवेदनकर्ता Pratistha-Prera JV सँग भएको प्रस्तुत १० शैय्याको अस्पताल निर्माण कार्यको खरिद सम्झौता नियम संगत देखिएन । लागत अनुमान रु.१४,४०,०४,३५७/९४ भन्दा रु.१६,१९,९८२/४७ ले बढी हुने गरी रु.१४,५७,०४,३४०/४१ मा मिति २०८०/०९/१४ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी भएको प्रस्तुत सम्झौताको २०८० आषाढ मसान्त सम्म भौतिक प्रगति ५८% मात्र रहेको देखिएकोले समयमै निर्माण कार्य सम्पन्न हुने अवस्था देखिएन।

यस सम्झौता वापत फछ्यौट हुन बाँकी पेश्की रु.१,९३,८५,६००/-, आ. व. २०७९/८० सम्ममा पाँचौं रनिङ बिलसम्मको भुक्तानी रकम रु.५७६१९६५७/१० र तेस्रो रनिङ बिलसम्मको मूल्य समायोजन वापत रु.५१,४५,८९६/२१ समेत जम्मा रु. ८,२९,४३,१५३/३१ भुक्तानी भएको पाईयो । मूल्य समायोजन गणनाको आधारका रुपमा लिइने विस्तृत सूचकांकहरु सहितको गणना तालिका स्पष्ट नभएको एवं Equipment लगायतका केही आइटमहरुमा भएको मूल्य समायोजन अंक विश्वसनीय रुपमा गणना गरेको पाइएन । उक्त ठेक्कामा दिएको मूल्य समायोजन सम्झौताका शर्त र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम नदेखिएकोले उक्त मूल्य समायोजन भुक्तानी नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ५१,४५,८९६.२१ |
|---|---|

४८ **कालिकादेवी मन्दिर देउरालीगढी हिलेगढी पदमार्ग**

कालिकादेवी मन्दिर देउरालीगढी हिलेगढी पदमार्ग - पालिका कार्यालयले कालिकादेवी मन्दिर देउरालीगढी हिलेगढी पदमार्गको लागि ठेक्का नं.12/TRM/NCB/Works/FT/2077-078 वाट रु.५,७८,६८,६३७।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार न्यूनतम अंक रु.५,७४,३५,४२२।- कबोल गर्ने निर्माण व्यवसायी लुम्बिनी-बन्दना भगवती-कृस जे.भि.सँग मिति २०७९।११।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।८।६ मा सम्झौता भएको देखिन्छ । गत वर्षसम्मको रनिङ्ग बिलबाट रु.९३९७१७६।६२ र यो वर्षको दोस्रो बिलवाट रु.२०७०२४४२।- भुक्तानी भएको छ । अन्तिम वील रु.३३४२५२१९।- यस वर्ष पेश भएतापनि भुक्तानी भएको पाइएन । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

४८.१ आ.ब. २०७९/८० सम्ममा दोस्रो रनिङ बिलसम्मको बिल रकम रु.२८७६७४१९।६४ र पहिलो रनिङ बिलको मूल्य समायोजन वापत रु.१३,३२,१९८/९४ समेत जम्मा रु.३००९९६१८/६२ भुक्तानी भएको पाईयो । साथै अन्तिम बिल रु.३३४२५२१९।— जारी हुँदा दोस्रो रनिङ बिलको मूल्य समायोजन वापत रु.७३८४२४७/१७ समावेश गरेको पाइयो । मूल्य समायोजन गणनाको आधारका रुपमा लिइने विस्तृत सूचकांकहरु सहितको गणना तालिका स्पष्ट नभएको एवं Equipment लगायतका केही आइटमहरुमा भएको मूल्य समायोजन अंक विश्वसनीय रुपमा गणना गरेको पाइएन । उक्त ठेक्कामा दिएको मूल्य समायोजन सम्झौताका शर्त र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम नदेखिएकोले उक्त मूल्य समायोजन भुक्तानी नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १३,३२,१९८.९४ |
|---|---|

४८.२ उपर्युक्त कार्यको लागि पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं.२४७ मिति २०७७।११।३ बाट रु. रु.५ करोड बजेटको परिधिमा कार्य गर्ने र उक्त कार्यको लागि रु.३ करोड ५० लाख मन्त्रालयबाट बजेट विनियोजन हुने बाँकी रु.१ करोड ५० लाख पालिकाले व्यहोर्ने गरी पत्राचार भएको पाइयो । पालिकाले विनियोजित बजेट रु.५ करोडको अधीनमा रही लागत अनुमान तयार गर्ने र सोही बमोजिम खरिद कारवाही अगाडि बढाउनुपर्नेमा बजेट सिमाभन्दा बढी हुनेगरी रु.५,७८,६८,६३७।— को लागत अनुमान तयार गरी खरिद कार्य गरेको पाइयो । यसरी बजेट सुनिश्चित हुनुभन्दा पहिले नै बढी रकमको लागत अनुमान तयार गरी खरिद कारवाही प्रारम्भ गरेको नियमसम्मत देखिएन ।

४८.३ **कालिकादेवी मन्दिर देउरालीगढी हिलेगढी पदमार्ग**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. ४,३०,५९५ ।- सम्परीक्षण गरिएको ।)***

४९ **भिरकोट वडा कार्यालय झुले सडक स्तरोन्नति**

पालिका कार्यालयले भिरकोट वडा कार्यालय झुले सडक स्तारोन्नतीका लागि ठेक्का नं.05/TRM/NCB/Works/R/2078-079 वाट रु.१,६४,२३,९९७।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार न्यूनतम अंक रु.७४,६१,३८१।- कबोल गर्ने निर्माण व्यवसायी बोगटी एण्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०७९।३।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।१४ मा सम्झौता भएको देखिन्छ । २ पटको म्याद थप पश्चात यस बर्ष सम्पन्न उक्त कार्यको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

४९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । उपर्युक्त सडक स्तरोन्नति कार्यको नापी किताब अनुसार सडक सोलिङ्ग कार्यको परिमाण २२६.७२ घनमिटर भएकोमा ठेक्का बिलमा २२९.०९ घ.मि. उल्लेख गरी २.३७ घ.मि. मूल्याङ्कन हुँदा बढी मूल्याङ्कन भएको प्रति घ.मि.रु.१२०० को दरले २.३७ घ.मि. को रु.३२१३।—(मु.अ.समेत) असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२१३ |

४९.२ उपर्युक्त सडक स्तरोन्नति कार्यको लागि प्रोभिजनल सम आइटममा समावेश भएको ल्याब टेष्ट बापतको रु.१८६४५।— निर्माण व्यवसायी बोगटी एण्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.लाई फोटोकपी विजकको आधारमा भुक्तानी भएकोले सो खर्चको सक्कल वीजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,६४५ |

## ५० मालु पम्पसेट सिंचाइ योजना

पालिका कार्यालयले मालुपम्पसेट सिंचाइ योजनाको लागि ठेक्का नं.03/TRM/NCB/Works/R/2077-078 वाट रु.३८,३०,३६२।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार न्यूनतम अंक रु.३४,६७,९१७।- कबोल गर्ने निर्माण व्यवसायी सनवृज सोलार नेपालसँग मिति २०७९।३।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।१४ मा सम्झौता भएको देखिन्छ । यो वर्षको प्रथम रनिङ्ग बिलवाट रु.४०१४६७।- भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

५०.१ निर्माण व्यवसायीले संझौता गरिसकेपछि संझौताको अवधिभित्र तोकिएको काम समयमै सम्पन्न गर्नुपर्दछ। उपर्युक्त कामको लागि शुरु सम्पन्न गर्ने अवधि २०७९।३।३० रहेतापनि मिति २०७९।९।२० सम्म प्रथम पटक र मिति २०८०।३।२० सम्म दोस्रो पटक म्याद थप भई काम सम्पन्न गर्नुपर्ने अन्तिम मिति २०८०।३।२० कायम भएको छ। समयमा काम नगर्ने लाई पटक पटक म्याद थप गरिरहनु उचित देखिएन । निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्यसम्पन्न गराउनुपर्दछ ।

५०.२ खरिद सम्झौताको कार्यतालिका अनुरुप भौतिक प्रगति हासिल गर्नुपर्दछ । निर्माण व्यवसायीसँग २०७८।१०।१४ मा भएको पम्प सेट सिंचाइ योजना निर्माण सम्झौता अनुसार २०७९।३।३० भित्र कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । तर २०८० आषाढ २० सम्म सम्झौता अवधि १०० प्रतिशत समाप्त

भइसकेकोमा भौतिक प्रगति ११.५७ प्रतिशत मात्र रेहेको देखिएकोले समयमै कार्य सम्पन्न गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

५०. ३ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. १,७५,००० ।- सम्परीक्षण गरिएको ।)*

**५१ किर्ने - रिठ्ठाबोट - भोटेछाप सडक स्तरोन्नति**

पालिका कार्यालयले किर्ने रिठ्ठावोट भोटेछाप सडक स्तरोन्नतिको लागि ठेक्का नं.04/TRM/NCB/Works/R/2078-079 बाट रु. १,९३,२१,६२७।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार न्यूनतम अंक रु.८३,७३,९७२।- कबोल गर्ने निर्माण व्यवसायी बोगटी एण्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०७९।३।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।१४ मा सम्झौता भएको देखिन्छ । गत वर्षसम्मको रनिङ्ग बिलबाट रु.१८४०४१६।- र यो वर्षको अन्तिम बिलवाट रु.४९८४७६०।- समेत जम्मा रु.६८२५१७६।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था भएमा सार्वजनिक निकायले कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । उपरोक्त किर्ने रिठ्ठावोट भोटेछाप सडक स्तरोन्नती कार्यको भौतिक प्रगति ८१.५१ प्रतिशत मात्र भएको अवस्थामा समेत कार्यालयले कार्यस्वीकार गरेको पाइयो । निर्माण कार्य ठेक्का प्रकृयावाट गराउँदा सम्झौता भन्दा घटी काम भएकोमा उक्त काममा नै कार्य सम्पन्न भएको भन्ने आधार पेश गरेको छैन भने प्राविधिक पुष्ट्याइ समेतको भेरिएसन आदेश समेत जारी बेगर कार्य सम्पन्न भएको भनि स्वीकार गरेको छ। धेरै काम वाँकी नै हुँदा समेत प्राविधिक पुष्ट्याइँ बेगर कार्य स्वीकार भएको देखिएकोले उक्त कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६८,२५,१७६ |

**५२ म्याद थप र कार्यसम्पादन जमानत**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.४०,००,०००।- सम्परीक्षण गरिएको ।)*

**५३ म्याद थप सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था (काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराउन नसकेमा वा अन्य मनासिब कारण) परी खरिद सम्झौताको काम त्यस्तो खरिद सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन दिनुपर्ने, सोही नियमको उपनियम (२)

मा म्याद थपको लागि प्राप्त निवेदन जाँचबुझ गर्दा सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराएको, छानबिनका लागि कागजात अन्यत्र पठाएको वा विपद् वा काबु बाहिरको परिस्थिति रहेको अवस्थामा मात्र खरिद सम्झौताको म्याद थप गर्न सकिने तथा उपनियम (२) बमोजिम जाँचबुझ गर्दा उल्लिखित तीन अवस्था नदेखिएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति (हर्जाना) लिने गरी पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधि (२०० दिन) सम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको निर्माण कार्यको खरिद सम्झौताको म्याद कार्यालय प्रमुखबाट पटक पटक गरी म्याद थप भएको देखियो । म्याद थपको फाइल परीक्षण गर्दा निर्माण व्यवसायीको निवेदन पेश भएको अवस्थामा पनि कार्यालयमा दर्ता नभएको, अवधि भित्र म्याद थपको निवेदन पेश नभएको, म्याद थपको निर्णय गर्दा नियमावलीको व्यवस्था बमोजिम म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण नभएको, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागाजत संलग्न नभएको अवस्थामा समेत म्याद थप भएको देखियो। अतः नियमावलीमा व्यवस्था भए बमोजिमको अवधि भित्र निवेदन लिई म्याद थप गर्नुपर्ने र तोकिएको सीमाभन्दा बढी म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग पूर्वनिर्धारित क्षतिपूर्ति लिई सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

| **ठेक्का नं** | **योजनाको नाम** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **म्याद थप संख्या** | **म्याद थप पछि कायम मिति** |
|---|---|---|---|---|---|
| १२-२०७७।७८ | कालिदेवी मन्दिर देउरालीगढी हिलेगढी पदमार्ग | २०७८।८।६ | २०७९।११।३० | २ | २०८०।३।२० |
| ०३-२०७७।७८ | मालुपम्प सेट सिंचाइ योजना | २०७८।१०।१४ | २०७९।३।३० | २ | २०८०।३।२० |
| ०४-२०७८।७९ | किर्ने रिट्ठाबोट भोटछाप सडक स्तरोन्नति | २०७८।१०।१४ | २०७९।३।३० | २ | २०८०।३।२० |
| ०५-२०७८।७९ | भिरकोट वडा कार्यालय झुले सडक स्तरोन्नत | २०७८।१०।१४ | २०७९।३।३० | २ | २०८०।३।२० |
| ०९-२०७८।७९ | मालुखोला डाँडा फ्यातल छौडे सडक स्तरोन्नति | २०७८।१२।२२ | २०७९।३।३० | २ | २०८०।३।२० |
| ०८-२०७८।७९ | वडा कार्यालय झुले घेरावार | २०७८।१२।९ | २०७९।३।१५ | २ | २०८०।३।२० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०-२०७८।७९ | जफे पम्पसेट | २०७९।५।१२ | २०७९।७।३० | १ | २०८०।३।२० |

## ५४ बीमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| योजनाको विवरण | ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा बीमा रकम | कैफियत |
|---|---|---|---|---|---|
| भिरकोट छौडे देउराली सडक स्तरोन्नति | ०४-२०७९।८० | प्रदेज भिमेश्वर जे.भी. | ३१४०८३६४।३५ | ४२३१३८ | मेसिन औजार वा प्लान्ट तथा कामदारको बीमा नगरेको |
| तामाकोशी सितापाइला छौडे देउराली सडक स्तरोन्नति | ०२-२०७९।८० | डिमुन कन्स्ट्रक्सन | ९६९४६२१।८३ | | |
| देउराली जंघारे सडक स्तरोन्नति | ०३-२०७९।८० | डिमुन कन्स्ट्रक्सन | ९५१४८८९।४९ | ५०८७३ | |
| फेदीटावर जोरमाने सडक स्तरोन्नति | ०४-२०७९।८० | डिमुन कन्स्ट्रक्सन | ९४६०२८७।८५ | ४५७६० | |

## ५५ प्रोभिजनल सम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। निम्न योजनाको लागि निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिलको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल सम वपात

रु.९६६३३।- भुक्तानी दिँदा सो को बिल भरपाई पेश गरेका देखिएन। उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| भौचर | ठेक्का नं | काम | निर्माण व्यवसायी | पि एस आईटम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ५८-२०८०।३।४ | ०४-२०७९।८० | फेदीटावर जोरमाने सडक स्तरोन्नति | डिमुन कन्स्ट्रक्सन | बीमा र ल्याव टेष्ट | ४५७६० | विजक पेश नभएको |
| १७-२०८०।३।४ | ०३-२०७९।८० | देउराली जंघारे सडक स्तारोन्नति | डिमुन कन्स्ट्रक्सन | बीमा | ५०८७३ | विजक पेश नभएको |
| | | जम्मा | | | ९६६३३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,६३३ |

५६ **सडक प्रयोगको अवस्था**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.६,३२,८०० ।- सम्परीक्षण गरिएको ।)*

५७ **ढुङ्गाको उपयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिका भित्र संचालित Roadway Wideing, Upgrading संग सम्बन्धीत योजनाहरुको कार्य आईटम अन्तर्गत Soft Soli, Soft Rock, Medium Rock, Hard Rock Cutting (By Hydraulic Excavator with Rock Breaker) को कार्यसहित Gabion Work, Stone Masonry, Dry Stone Soling लगायतका कार्य भएको नापी किताब तथा मूल्याङ्कन बिलबाट देखिन्छ । यसरी यउटै निर्माण कार्य अन्तर्गत रक कटिङबाट प्राप्त हुने ढुङ्गा तथा माटो अर्को कार्यको को Input Material को रुपमा प्रयोग हुने देखिन्छ । यस सम्बन्धमा सडक विभागको नर्म्सको Section-900 अन्तर्गत Medium/Hard Rock को काम भएको अवस्थामा ५० प्रतिशतसम्म उक्त ढुङ्गा प्रयोगमा ल्याउन सकिने गरी नर्म्स कायम गरे अनुसार पालिकाले समेत यसको अनुसरण गर्नु पर्दछ । विभिन्न योजना अन्तर्गत Gabion Work, Stone Masonry, Dry Stone Soling को दर विश्लेषण र लागत मुल्याङ्कन गर्दा Material Cost बाहेक Labor Cost, Tools & Plant Cost र अन्य Construction Material को लागत मात्र समावेश गरी लागत कायम गर्नु पर्नेमा सो नगरी ढुङ्गाको समेत मुल्याङ्कन हुँदा बढी लागत मुल्याङ्कन भएको देखिन्छ । नमूना छनोट गरी परीक्षण गर्दा निम्नलिखित योजनामा पालिकालाई देहाय अनुसार बढी व्ययभार परेको देखिएको रु.

| ठेक्कानं. / गो.भौ.नं. | योजनाको नाम | MB अनुसार | ५० प्रतिशतले | Gabion Work, Stone | ढुङ्गाको प्रति | रकम |
|---|---|---|---|---|---|---|

| | | Hard Cutting को परिमाण (घ.मि.) | हुने परिमाण (If available Rock is used) | Masonry, Dry Stone Soling | घ.मि. मुल्याङ्कित दर | (मु.अ. र ओभरहेड समेत) |
|---|---|---|---|---|---|---|
| 09/TRM/NCB/WORKS/R/2078-089 | मालुखोला डाँडा फ्यातल छौडे सडक स्तरोन्नति | २३८ | ११९ | १९९० | १५४० | २३८१४६ |
| २४-२०८०।३।२० प्रदेश पुंजिगत | नसखर्क जन्तेभिर मुनी सडक स्तरोन्नति | २९०८ | १४५४ | १५६ | १५४० | २४०२४० |
| | जम्मा | | | | | ४७८३८६ |

| | |
|---|---|
| अनियमित भएको | ४,७८,३८६ |

५८ **कर बिजक**

***........... (प्रारम्भिक प्रतिवेदन उपर मू.अ. कर समायोजनको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.१,११,५४६ ।- सम्परीक्षण गरिएको ।)***

५९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं.३-२०७९/०६/०६ शहरे खेलमैदान निर्माण उपभोक्ता समितिलाई रु.१३,१५,७९०।— भुक्तानी हुँदा संलग्न नापी किताव अनुसार तारजाली सहितको ग्यावियन (२×१×१) को ६२ बक्स र (१.५×१×१) ७९ बक्स प्रयोग भएको देखिँदा उक्त परिमाण अनुसार जम्मा २४२.५ घनमिटर ढुङ्गा भरेको मूल्याङ्कन हुनु पर्नेमा २६६.५ घ.मि. मूल्याङ्कन हुँदा बढी मूल्याङ्कन भएको प्रति घ.मि. रु.२१३५.८९ को दरले २४ घ.मि. को रु.५१,२६१।- असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,२६१ |

६० **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले

देहायको योजनाका विभिन्न आइटममा दररेट निर्धारण समितिले तोकेको दर भन्दा बढी हुने गरी लागत अनुमान तयार गरेको र सोही आधारमा भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९५,७७८ |

**(विस्तृत विवरण अनुसूची ७ मा संलग्न छ ।)**

### ६१ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको कार्यको वास्तविक कार्य मूल्यांकनको आधारमा दिनुपर्ने भन्दा बढी भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी भएको ररकम असुल हुनुपर्ने रु.

| भौ.नं./ठेक्का नं. | कार्यक्रम/योजनाको नाम | भुक्तानी पाउने फर्म/उपभोक्ता समिति | सम्झौता/मूल्यांकन रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३५-२०७९।९।८ | खानेपानी योजना | सहरे वोरिङ्ग खानेपानी योजना उपभोक्ता समिति | २९८९९७९ | ३०९६००० | १०६००३ |
| ८८-२०८०।३।२२ | सडक सरसफाइ तथा मर्मत योजना | सडक सरसफाइ तथा मर्मत योजना उपभोक्ता समिति | १७९७९१ | २०४५०८ | २४७१७ |
| ९७-२०८०।३।२४ | पालिका कार्यालयको ठुलोखेत सडक निर्माण | पालिका कार्यालयको ठुलोखेत सडक निर्माण उपभोक्ता समिति | ३७०५०८५ | ३८७७०८५ | १७२००० |
| २५८-२०८०।३।२२ | खानेपानी योजना | भतेरे खानेपानी निर्माण तथा मुहान मर्मत योजना उपभोक्त समिति | ४५४३९७ | ४७४३९७ | २०००० |
| | | | | **जम्मा** | **३२२७२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२२,७२० |

६२ **भुक्तानीमा कर कट्टी**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.१७,२४४।- सम्परीक्षण गरिएको ।)***

६३ **खन्ने पुर्ने कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले आहालगैरा बोचाली गाउँ सिंचाई पोखरी निर्माण उपभोक्ता समितिलाई पोखरी निर्माण कार्यको लागि सम्पन्न प्रतिवेदनको आधारमा रु.४२४२९७।— खर्च लेखेकोमा उक्त योजनामा पाइप खन्ने काम १७०० मिटर र पाइप खरिद १७०० मिटर राखी लागत अनुमान तयार गरेकोमा उक्त कार्यको लागि पुर्ने कार्य लागत अनुमानमा समावेश भएको पाइएन । यसरी पाइप खरिद र खन्ने काम मात्रले कार्यसम्पन्न नहुने साथै पुर्ने कार्य नराख्दा बिच्छ्याइएका पाइप समेत सुरक्षा हुन नसक्ने देखिएकोले कार्यालयले यस्तो कार्यको लागि लागत अनुमान गर्दा नै विचार पुर्याउनु पर्ने देखिन्छ । उक्त कार्य उपभोक्ता समितिवाट गराएको हो भने नापी किताबमा उल्लेख गरी उपभोक्ताको जनसहभागितामा समावेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६४ **उपभोक्ता समिति परिचालन सम्बन्धमा**

उपभोक्ता समिति परिचालन सम्बन्धमा - पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन्।

६४.१ संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

६४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ।

६४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धीत समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

६४.४ नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

६४.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धीत प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धीत प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।

६४.६ उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाइएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ।

## ६५ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्वन्धीत स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ६६ स्पेशिफिकेशन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा ५क. मा दफा ४ बमोजिमको विवरण स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । स्वीकृत स्पेसिफिकेशनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम सो लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिमको सामान खरिद गर्दा सामानको लागत अनुमान र स्पेशिफिकेशन तयार गरी स्वीकृत गरे गराएको पाइएन । जसले गर्दा आवश्यक मालसामान र खरिद भएको सामानमा भिन्नता हुनसक्ने र उचित प्रतिफल प्राप्त नहुन सक्ने हुँदा सामान खरिद गर्नुपूर्व नियममा व्यवस्था भए अनुसारको स्पेसिफिकेशन र लागत अनुमान तयार गरी खरिद कार्य गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसमा केही उदाहरण देहायअनुसार छन्ः

| सि.नं | भौ.नं.र मिति | खरिद सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १२-२०८०।२।२५ | Inj. Oxytocin भण्डारका लागि IRLRefrigerator खरिद | ३९९४५५ |
| २ | १३-२०८०।३।४ | विद्युतिय चुलो खरिद १५० थान | ५००००० |

## ६७ अन्य संस्थाको सोधभर्ना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निरवारणमा प्रत्यक्ष योगदान गर्ने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन सिपको अधिकतम प्रयोग भई लागत कम लाग्ने, लैङ्गिक समानता र सामाजिक समाबेशीकरण अभिवृद्धी हुने तथा दिगो विकासमा सघाउ पुग्ने बिषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । जसबाट पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले आम जनताको प्रत्यक्ष लाभ र उपयोग सँग प्रत्यक्षरुमा नजोडिएको तथा सार्बजनिक हित तथा सेवामा योगदान गरेको बिगतको अनुभव र आगामि दिनहरुमा सार्बजनिक रुपमा सेवा उपलब्ध गराउने सुनिश्चित नभएको बिभिन्न संस्थाहरुलाई बिभिन्न शिर्षकमा भुक्तानी गरेको देखिन्छ । पालिकाले सार्बजनिक हित र सेवाको सुनिश्चतता बेगरको संस्था तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

## ६८ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को निर्देशन नं.५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले भौ.नं.२२ मिति २०७९/८/१८ बाट १ थान व्याक हो लोडर क्याटलग शपिङ्ग विधिवाट खरिद गरी रु.४४,९०,०००/- भुक्तानी गरेकोमा अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । निर्देशिका विपरित सवारी साधन खरिद वापतको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४४,९०,००० |

## ६९ बजेट अबण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु.४००६१८४८।- अबण्डा बजेट व्यवस्था गरी योजना तथा कार्यक्रममा रु.२८०३२७१५।- खर्च गरेको पाइयो। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन् :

| क सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | सडक सरसफाई तथा मर्मत योजना वडा नं १ देखि ७ सम्म | ३८५०००० | २९३७८६२ |
| २ | गत वर्षको योजनाको भुक्तानी | ३६२११८४८ | २५०९४८५३ |
| | **जम्मा** | **४००६१८४८** | **२८०३२७१५** |

उपर्युक्त तालिकानुसार गत वर्षको योजनाको भुक्तानी भनी छुट्याइएको बजेटवाट यस वर्ष संचालित योजना तथा कार्यक्रममा समेत भुक्तानी भएको पाइयो । यसरी गत वर्षको योजना शीर्षक राखी अन्य कार्यमा खर्च गरिनु उचित नहुँदा आर्थिक अनुशासन पालनामा ध्यान दिनुपर्ने देखिन्छ । उक्त योजनावाट भएका यस वर्षका योजना तथा कार्यक्रमहरु — प्राविधिक कर्मचारीको प्रोत्साहन भत्ता, कन्टिन्जेसीवाट खर्च व्यहोर्ने गरी राखेको इन्जिनियरको तलब खर्च, प्राविधिकहरुका लागि आवश्यक सामग्री खरिद, अनुगमन तथा दैनिक भ्रमण भत्ता लगायत गत आ.ब.का योजनाहरुको यस आर्थिक वर्षमा प्राविधिक मूल्यांकनको आधारमा रकम भुक्तानी गरेको पाइयो।

## ७० सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ ।

## ७१ अनुत्पादक क्षेत्रमा लगानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा पालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन् ।

| भौ.नं./मिति | योजनाको नाम | रकम रु. |
|---|---|---|
| ५८-२०८०।२।७ | रिक्जिन तेलिङसिठोइ गुम्बा निर्माण | ९६०००० |
| ५९-२०८०।२।८ | डोडुप छोयलिङ गुम्बा निर्माण | १९००००० |
| २१७-२०८०।३।१२ | भिमसेनथान मन्दिर निर्माण | २८७८६५ |
| १२२-२०८०।२।१९ | तुस्पे मण्डली निर्माण | ३८२४२४ |
| २०७-२०८०।३।११ | चर्चघर निर्माण फ्यातल | १९१९४८ |
| १६२-२०८०।२।३० | भत्यरेचौर शिव मन्दिर निर्माण | ४७९९७९ |
| २७८-२०८०।३।२४ | जन प्रभात मावि खेल मैदान निर्माण | १५३६००० |

## ७२ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरणअनुसार देहायबमोजिम म्याद ननाघेको पेश्की रु. ११५,०४,२९०।- तथा म्याद नाघेको पेश्की रु.२,००,०००।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेको देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु.

| सि. नं | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ.व. | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको रकम | म्यादनाघेको |
| १ | कर्मचारी | | | | | |
| १ | ०३/०४/२०८० | १९१ | राष्ट्रियमहिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन यातायात खर्च वार्षिकसमिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | अरुणकुमार मिश्र | ०.०० | २०००००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | | | | ०.०० | २०००००.०० |
| २ | **ठेकेदार** | | | | | |
| १ | ११/१२/२०७९ | ५ | देउराली-जँघारेसडक क्रमागत | डिमुनकन्स्ट्रक्शन प्रा.लि. | ८२६४१६. | ०. |
| २ | ०१/०८/२०८० | १२ | फेदी-टावरडाँडा-जोरमानेसडक | डिमुनकन्स्ट्रक्शन प्रा.लि. | ८२१८२०. | ०. |
| ३ | ०१/०८/२०८० | १३ | तामाकोशी-सितापाइला-छौडे-देउरालिसडक | डिमुनकन्स्ट्रक्शन प्रा.लि. | ८४२५५४. | ०. |
| ४ | ०३/०६/२०८० | १४ | भिरकोटछौंडे देउराली सडक | प्रदेज – भिमेश्वर जेभी | २७५२०००.०० | ०. |
| जम्मा | | | | | ५२४२७९०.०० | ०. |
| ३ | **संस्थागत** | | | | | |
| १ | ०४/०१/२०७९ | १ | कालिदेवीदेउराली गढी हिलेगढी पदमार्ग | लुम्बिनी - बन्दन भगवती - कृश जे. भी. | ५४,७५,०००.०० | ०.०० |
| २ | ०४/०१/२०७९ | १ | कालिदेवी - देउराली गढी-हिलेगढी पदमार्ग | लुम्बिनी - बन्दन भगवती - कृश जे. भी. | ७,८६,५००.०० | ०.०० |
| **जम्मा** | | | | | ०.०० | १०००००.०० |
| **कुल जम्मा** | | | | | **११५०४२९०** | **२०००००** |

***(प्रारम्भिक प्रतिवेदन उपर नेपाल विद्युत प्राधिकरणको पेश्की फछ्र्यौटको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. १,००,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | २,००,००० |

## ७३ उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता

समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

७४ **समपूरक अनुदानको अंश**

प्रदेश सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ मा आयोजनाको प्रकृति, प्राथमिकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धि, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश सरकारले अनुदानको रुपमा प्रदान गर्न सक्ने र बांकि पचास प्रतिशत रकम सम्बन्धीत स्थानीय तहले जुटाउन पर्ने व्यवस्था रहेको छ । प्रदेश समपूरक अनुदानमा संचालित आयोजनाहरुमा खर्च गर्दा सोही अनुपातमा पचास/पचास प्रतिशतले खर्च व्यहोर्ने गरी भुक्तानी गर्नुपर्नेमा यस पालिकाले प्रदेश सरकारबाट व्यहोरिने अंश भन्दा घटी हुने गरी पालिकाले खर्च गरेको पाईयो । सम्झौता अनुसार तोकिएको अवधिमा योजना कार्यान्वयन गर्न नसक्ने र बर्षको अन्त्यमा बजेट फ्रिज नगराउने उद्देश्यले सम्झौता विपरित खर्च गर्नु नियमसंगत देखिएन ।

७५ **योजना फरफारक**

सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७ मा कुनै पनि निर्माण कार्य गराउँदा खरिद सम्झौता गर्नुपर्ने र खरिद सम्झौतामा निर्माण कार्यको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत नर्म्सका आधारमा तयार गरेको लागत अनुमानका र सोको आधारमा उपभोक्ता समितिलाई तोकिए अनुसारको गुणस्तरको कार्य गर्न सम्झौता गरेकोमा निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । देहायको कार्यमा उपभोक्ता समितिवाट लागत अनुमान भन्दा न्यून रकममा कार्यसम्पन्न भएपनि उक्त कार्यलाई स्वीकार गरेको पाइयो । न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत न्युनमा योजना फरफारक तथा स्वीकार भएका योजनाका विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | भौ.नं.र मिति | योजनाको विवरण | उपभोक्ता समितिको नाम | लागत अनुमान (जनसहभागिता सहित) | कार्य सम्पन्न रकम (जनसहभागिता सहित) | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २५६-२०८०।३।२२ | खानेपानी योजना | छौडे चौतार खानेपानी उपभोक्ता समिति | १०३२८२०।७९ | ७१७४३८।८८ | १०.९२ |
| २ | ३०-२०८०।३।२२ | सडक निर्माण | तिलक स्मृति डिही गाउँ च्यामा बेसी खिम्ती खोला सडक निर्माण उपभोक्ता समिति | ३२२८८६४।३३ | २५०१३७३।७० | २२.५३ |

७६ **मू.अ.कर दाखिला**

कार्यालयले यस आर्थिक बर्षमा अमानतबाट दहत्तर बहत्तर(ढुँगा, गिट्टी र बालुवा) को राजस्व सँलकनमा प्रदेश आर्थिक ऐनको दफा ९ को अनुसुची-६ बमोजिम प्रति घन फिटको रु.९।- का दरले बिक्री गरी रु.३९५०५४।- राजस्व संकलन गरेको पाइयो ।कानुन बमोजिम सो दरमा लाग्ने भ्याट रकम नजोडी ढुँगा, गिट्टी र बालुवा बिक्री गरेको हुँदा नियमानुसार बिक्री रकमको रु.५१३५७।— मूल्य अभिवृद्धि कर असुलउपर गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,३५७ |

७७ **सेनिटरी प्याड वितरण**

***✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.९,९६,०४९ ।- सम्परीक्षण गरिएको ।)***

७८ **बढी निकासा**

स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि यकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरि वा अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा, शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विधालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकामा मा व्यव्था रहेको छ।पालिकामा सञ्चालनमा रहेका विधालयमध्ये नमुना छनौटका आधारमा महेन्द्र माविका प्रा.वि द्धितय श्रेणी शिक्षक यज्ञ प्रसाद शर्माको मासिक तलब रु.५०७९३ रहेकोमा मिति २०७९।१२।२२ मा राजिनामा स्विकृत गरि अवकाश भएकोमा मिति २०७९।१२।३० सम्मको तलव भत्ता रु.१३५४५ बढि निकासा भएको पाइयो। ।यसरी वढि निकासा भएको रकम सम्वन्धित विधालयवाट फिर्ता गरि संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५४५ |

## ७९ विद्युत महसुल जरिवाना

नेपाल विद्युत प्राधिकरणलाई समयमै विद्युत महशुल भुक्तानी गर्दा सो रकमको केही प्रतिशत छुट समेत प्राप्त हुनेमा कार्यालयले निम्न मितिमा विद्युत महशुल समयमै भुक्तानी नगर्दा जरिवाना तिर्नुपर्ने अवस्था सिर्जना भएको देखियो । समयमा दाखिला गरी छुट समेत प्राप्त गर्नुपर्नेमा जरिवाना वुझाउनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ ।

| गो.भा.नामिति | बिल रकम | जरिवाना प्रतिशत | जरिवाना रकम |
|---|---|---|---|
| ८६।२०७९।११।२५ | १४६० | २५ | ३६५ |
| | ३१५० | १० | ३१५ |
| २४०।२०८०।३।२० | ३६४५ | १० | ३६४ |
| ६०६।२०८०।३।२० | ४१२६७ | २५ | १०३१६ |
| | २००८ | ५ | १०० |
| **जम्मा** | **५१५३०** | | **११४६०** |

## ८० लघु उद्यम विकास कार्यक्रम

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिक्षेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ। उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन। निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस अन्तर्गत सञ्चालित केही कार्यक्रम निम्नानुसार छन्।

| कार्यक्रमको नाम | शर्सतअनुदान रकम | लाभग्राहीसंख्या | अनुदान७५ प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| नयाँउद्यमी सृजना | २३,८०,००० | ६७ जना | ३२,२०५ | २५ प्रतिशत साझेदारी अनुदानमाप्रविधि हस्तान्त्रण |
| स्तरोन्ती | ४,८०,००० | २५ जना | ३३,९०० | |
| समुहमाप्रविधि हस्तान्तरण | १,४०,००० | २५ जना | | |
| **जम्मा** | **३५,००,०००** | **११७ जना** | **६६,१०५।-** | **५,००,०००।-को काम नभएको** |

८१ **इन्टरनेट जडान तथा सञ्चालन**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.३,९६,००० ।- सम्परीक्षण गरिएको ।)*

८२ **दहत्तर बहत्तर**

वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन अनुसार तामाकोशी गाउँपालिका अन्तर्गत गोपीखोलाबाट १४१०८ घनमिटर, ढोलीखोला-तामाकोशी दोभानबाट ५५२६१ घन मिटर तथा खिम्तीखोला-तामाकोसी दोभानबाट ४०७८४ गरी कुल ११०१५३ घन मिटर दहत्तर बहत्तर उत्खनन गर्न सकिने तथा कुल राजश्व अनुमान रु.३५०१०१८० प्रक्षेपण गरेको पाइयो। ३ वटै क्षेत्रका लागि मिति २०७९।४।२ मा सूचना प्रकाशन गरी ठेक्का आवहान गरेको भएता पनी गोपीखोलामा मात्र श्रेष्ठ एण्ड सन्स कन्सक्ट्रक्सन प्रा.लि. को बोलपत्र परेको देखियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ (घ-६) तथा उपदफा ४(घ ) ञ १ र २ मा भएको व्यवस्था बमोजिम बालुवा गिट्टी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा बिक्री वापत तामाकोशी तथा गोपीखोला क्षेत्रको नदी आसपास र सो क्षेत्र भई व्यक्तिगत जग्गाबाट संकलन तथा उत्खनन् गरी व्यावसायिक प्रयोजनका लागि ओसापसार गरिने समेतबाट आर्थिक वर्ष २०७९/८० को लागि मु.अ.कर सहित ५०,८५,५१०।७६ मा ठेक्का बन्दोबस्त गर्न मिति २०७९ साल साउन २ गतेको सूचना बमोजिम र यस कार्यालयको तर्फबाट बिक्री र कर वापत आय संकलन गर्न मञ्जुर भई मिति २०७९ भाद्र ३१ गते कबुलियत गरिदिएको हुँदा १४१०८ घनमिटर प्रति घनमिटर रु.३१७.६१ दर र क्षेत्रमा कति पनि घटी बढी नपारी २०७९ साल असोज १ गतेदेखि २०८० साल असार मसान्तसम्मको निम्ति आन्तरिक आय संकलन गर्ने सम्झौता गरी कम्पनीसँग सम्झौता भएकोमा निजले कति परिमाणको दहत्तर बहत्तर संकलन गरेको हो, सो सम्बन्धमा नापी तथा मूल्याङ्कन भएको देखिएन । अतः संकलित दहत्तर-बहत्तरको परिमाण सम्बन्धमा यथार्थ नापी तथा मूल्याङ्कन गरी यसबाट राजस्व संकलनमा परेको प्रभाव सम्बन्धमा छानबिन हुनुपर्दछ ।
साथै बाँकी २ क्षेत्रबाट प्राप्त हुने दहत्तर-बहत्तरको परिमाण समेत प्रमाणित गरी सोको चोरी निकासी नियन्त्रण गरी आन्तरिक आय मजबुत बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

८३ **खर्चको प्रमाण**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.५७,००० ।- सम्परीक्षण गरिएको ।)*

८४ **बिलम्ब शुल्क**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.१,५०,४७५ ।- सम्परीक्षण गरिएको ।)*

८५ **प्रोत्साहन भत्ता**

सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड अनुसार प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजाखाना लगायतका कनै पनि प्रकारका भत्ता प्रदान गरिने छैन भनि उल्लेख छ । भौ.नं.३९-२०७९।९।८ र ९०-२०८०।३।२२ वाट पालिकाले यस वर्ष ९ जना प्राविधिक कर्मचारीहरुलाई २०७९ श्रावण देखि २०८० आषाढसम्म फिल्ड प्रोत्साहन भत्ता भनि शुरु तलब स्केलको ४० प्रतिशतका दरले रु.१३३००९६।— फिल्ड भत्ता उपलब्ध गराएको पाइयो। पालिकाले सुविधा वितरण गर्दा कार्यविधि बनाई सोको आधारमा सुविधा भुक्तानी हुनुपर्नेमा सो अनुसार गरेको देखिएन । नियमानुसार उक्त फिल्ड भत्ता बापतको रकम दिन मिल्ने नदेखिएकोले कार्यविधि बनाएर मात्र त्यस्तो खर्च भुक्तानी गरिनुपर्दछ ।

८६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न सप्लायर्सबाट ठेक्का मार्फत रु.१७७८६६१।- तथा सोझै खरिद मार्फत रु.१६०१३३९।— गरि जम्मा रु.३३८०००० ।- को औषधि खरिद गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

- आपूर्ति हुने औषधि GMP सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८७ **पदाधिकारी भ्रमण**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ को दफा ७ मा दैनिक तथा भ्रमण भत्ता सम्वन्धी व्यबस्था छ । सो दफाको उपदफा ३ मा भ्रमण गर्दा ३ दिन सम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयमले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यापालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाका अध्यक्षले निम्न मितिमा ३ दिन भन्दा बढी भ्रमण काजमा रहेको देखिएकोमा उक्त काज कार्यापालिकाको बैठकबाट स्वीकृति वा अनुमोदन गराएको देखिएन । कार्यापालिकाको स्वीकृति वा अनुमोदन बेगर भ्रमण/काजमा रही भत्ता लिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भ्रमण गर्ने स्थान | मिति | दिन | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| हेटौंडा | २०७९।५।६ देखि २०७९।५।१० | ५ | ६८०० |
| काठमाडौं | २०७९।५।१३ देखि २०७९।५।१६ | ४ | ५२०० |
| काठमाडौं | २०७९।६।४ देखि २०७९।६।७ | ४ | ५२०० |
| काठमाडौं | २०८०।२।२३ देखि २०८०।२।२६ | ४ | ५२०० |
| काठमाडौं | २०८०।१।१९ देखि २०८०।१।२३ | ४ | ५२०० |
| काठमाडौं | २०८०।१।७ देखि २०८०।१।१० | ४ | ५२०० |
| **जम्मा** | | | **३२८००** |

८८ **बढी भुक्तानी**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.४०,३१७।- सम्परीक्षण गरिएको ।)*

८९ **बढी पारिश्रमिक भुक्तानी**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.३,३३०।- सम्परीक्षण गरिएको ।)*

९० **फरक शीर्षकबाट खर्च**

एकीकृत आर्थक संकेत र व्याख्या, २०७४ मा खर्च शीर्षक र सोहिअनुसार खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले खर्च शीर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसारको रकम फरक परेको छ । वित्तीय अनुशासनको अनुसरण गरी खर्च गर्नुपर्ने खर्च शीर्षकभन्दा फरक शीर्षकभन्दा खर्च गर्ने कार्यमा पुर्ण नियन्त्रण गर्नु पर्दछ ।

| भौ.नं. र मिति | विवरण | खर्च लेखेको शीर्षक | खर्च लेख्नुपर्ने शीर्षक | रकम |
|---|---|---|---|---|
| ५।०७९-५-२२ | चण्डेश्वरी अटो सोलुसनबाट मो.सा.खरिद | कार्यालय सामान | सवारी साधन तथा मेसिनरि | २९५५०० |
| ३९७।०८०-२-९ | करार कर्मचारीलाइ तलव भुक्तानी | महंगि भत्ता | करार शेवा शुल्क | ८००००० |
| **जम्मा** | | | | **१०९५५००** |

| | |
|---|---|
| अनियमित भएको | १०,९५,५०० |

## ९१ वडा कार्यालय संचालन खर्च

गाउँपालिकाको प्रत्येक वडामा महिनामा ३ वटा वडा समितिको बैठकको भत्ता रु.१०००।०० का दरले बढीमा छ जना सम्मको रु.१८०००।०० र विविध खर्च बैठक माईन्यूटको आधारमा भुक्तानी गर्ने गरेको पाइयो । बैठकको माईन्युट परीक्षण गर्दा बैठक बस्नुपर्ने स्पष्ट आधार र औचित्यविना वडा कार्यालयको नियमित प्रकृतिका कार्यमा बैठक बसी विविध खर्च तथा भत्ता रकम भुक्तानी भएको हुँदा यस्तो खर्च नियन्त्रण गरी मितव्ययिता अपनाउनु पर्ने देखिन्छ ।

## ९२ अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम संचालन

गाउँपालिकाले महिला सशक्तीकरण कार्यक्रम संचालन वापत प्रत्येक वडामा रु.४१०००।०० सम्मका दरले भुक्तानी दिएकोमा अधिकांश बिल भरपाईहरु परीक्षण गर्दा खाजा खर्च र सहभागी भत्तामा खर्च गरेको देखियो । यस्ता अनुत्पादक प्रकृतिका खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

## ९३ घर भाडा तथा संचार सुविधा

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय सेवाका कर्मचारीको तलव प्रदेश सरकारले तोके वमोजिम हुने उल्लेख छ। स्थानीय तहका कर्मचारीहरुको लागि सेवा सुविधा दिनुपर्दा सो सेवा सुविधा सम्वन्धी ऐन, नियम, कार्यविधि बनाएरमात्र सेवा सुविधा दिन सकिने व्यवस्था भएकोमा कार्यालयले पालिकामा कार्यरत कर्मचारीहरुलाई मासिक घरभाडा रु.१५००।- र संचार रु.५००।- का दरले खर्च दिने निर्णय गरी ६१ जना कर्मचारीलाई यो वर्ष मात्र रु.११,२५,५००।- भुक्तानी गरेको पाइयो । यसरी सेवा सुविधा सम्वन्धी कानून बेगरको खर्च नियमसम्मत देखिएन ।

## ९४ मसलन्द तथा कार्यालय सामान

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । पालिकाले कार्यालय सामानको लागि रु. ३७८४७४३।- विनियोजन गरेकोमा रु.३७८०२००।- को खर्च भएको पाइयो । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

## ९५ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन

कार्यालयले पालिका भित्रका १२ वटा विद्यालयलाई राष्ट्रपति रनिङ्ग शल्ड प्रतियोगिमा सहभागी खर्च रु.७००००।०० का दरले बिल भरपाईको आधारमा जम्मा रु.८४००००।०० भुक्तानी दिएको पाइयो । यससम्बन्धी बिल भरपाई परीक्षण गर्दा अधिकांश बिल भरपाई खाजा खाना र विविध खर्चका रहेको पाइयो । उदाहरणको रुपमा अमरमाध्यामिक विद्यालयले खाना खाजा खर्च रु.६४२८५, गाडीभाडा रु.१२०००।०० र खेल सामग्री रु.१२६५०.०० गरी जम्मा रु.८८९३५।०० सोधभर्ना माग गरेकोमा

रु.७०००० ।०० भुक्तानी भएको छ । यसरी खर्च गर्दा सम्वन्धित कार्यमा भन्दा अन्य विविध खर्च बढी भएको छ । खर्चको उपादेयता पुष्टि हुने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

**९६ सवारी साधन तथा मेशिनर औजार भाडा**

कार्यालयले यस वर्ष सवारी साधन भाडामा रु.९७०,००० ।०० खर्च गरेको पाइयो । खर्चका बिल भरपाई परीक्षण गर्दा रकम माग गरेको निवेदन मात्र संलग्न गरी तोक आदेशका आधारमा भुक्तानी दिने गरेको पाइयो । उदाहरणका लागि गो.भौ.नं. ४२२।२०८०।२।२२ बाट गाउँपालिकाका उपाध्यक्षको निर्देशनमा विभिन्न वडाहरुमा अनुगमनमा जाँदा १७ दिनको गाडीभाडा बापत रु.९१०००।०० भुक्तानी दिनू भनी तोक आदेश दिई भुक्तानी दिएको पाइयो । यसरी स्पष्ट प्रयोजन विना सवारी साधन प्रयोग गरी खर्च गर्नु उचित देखिएन ।

**९७ अनुगमन भत्ता**

पालिकाद्वारा निर्मित अनुगमन मुल्याङ्कन कार्यविधि २०७५ को परिच्छेद ३ को २(३) मा अनुगमन समितिका पदाधिकारी एवं कर्मचारिहरुले पाउने अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा दुइ दिनसम्म मात्र उपलब्ध हुने व्यवस्था रहेकोमा २०८९ चैतमा १२ वटा, वैशाखमा १० वटा र असारमा ४२ वटा अनुगमन गरेको जनाई अनुगमन भत्ता भुक्तानी गरेको देखियो । कार्यविधिमा उल्लेख भएभन्दा बढी ३८ वटा अनुगमनको रु.१६१५००।- कार्यविधि विपरीत अनुगमन भत्ता असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,६१,५०० |

**९८ गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको विवरण तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी २०७९ जेठ र असार महिनाको खर्च रु.४४४००।- भुक्तानी दिएको पाइयो । तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४४,४०० |

**९९ दिवाखाजा अनुदान**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. ७०,९८३ ।- सम्परीक्षण गरिएको ।)*

**१०० व्याक हो लोडर सञ्चालन**

पालिकाले २०७९ मंसिरमा ब्याक-हो लोडर खरिद गरेको देखिन्छ । सो मेशिन सञ्चालनमा अपरेटरको तलब भत्ता,इन्धन तथा मर्मत समेतमा कुल रु.६९९०५१।- खर्च लेखेको पाइयो । यो वर्ष उक्त मेशिन

४९ जनालाई भाडामा दिएको जनाई रु.४१४८७५।- आम्दानी लेखाङ्कन गरेकोमा देहायका १५ व्यक्तिहरुबाट हालसम्म मेशिन भाडा बापतको रकम संकलन भएको नदेखिएकोले सम्वन्धितबाट ब्याजन तथा जरिबाना समेत असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| **उठ्न वांकीको नाम** | **मेसिन चलेको घण्टा** | **रकम** |
|---|---|---|
| हरिशरण भट्टराई | ५५ | ५७७५० |
| प्रशान्त दिप कार्की | ७ | ७३५० |
| चिरञ्जिवि काफ्ले | ६.५ | ६८२५ |
| मिलन जंग फुयाल | ५ | ५२५० |
| टिकाराम फुयाल | ५ | ५२५० |
| टिकाराम फुयाल | ६.५ | ६८२५ |
| **जम्मा** | | **८९२५०** |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. ४०,४२५ ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,२५० |

१०१ **दिजाखाजा हाजिरी भरपाइ**

***✍ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु.१०,४९,६७० ।- सम्परीक्षण गरिएको ।)***

१०२ **प्रतिवेदन पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । तामाकोशी गाउँपालिका र नेपाल समसामयिक अध्ययन केन्द्र (काठमाडौ विश्वविद्यालय स्कुल अफ आर्ट) धुलिखेल बीच तामाकोशी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार सम्वन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्न २०८०।१।३० गते रु.५०००००।- को सम्झौता भएको देखिन्छ । सो सम्झौता अनुसार मिति २०८०।३।२० भित्र पालिकाको १० वर्षे शैक्षिक योजना सम्बन्धमा सुझाव सहितको अध्ययन प्रतिवेदन तयार गरी एक प्रति हार्ड कपी तथा कुनै एक पोर्टेबल डिभाइसमा सफ्ट कपी गाउँपालिकामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सेवा प्रदायक संस्थाबाट त्यस्तो प्रतिवेदन पेश नभएकै अवस्थामा रु.५०००००।- भुक्तानी गरेको देखियो । अतः सो सम्बन्धी प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

## १०३ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले व्यवसाय दर्ता र प्रमाण पत्र सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.३५५९५०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको नदेखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,५५,९५० |

## १०४ सामाजिक सुरक्षा

आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|
| १५२३७ | २७०६ | १७.७५ | १०२६५५९३६.७५ |

## १०५ मृत्यु भइसकेका व्यक्तिको नाममा निकासा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जीकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । उक्त कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा तपसिल बमोजिमका मृत्यु भएका लाभग्राहीहरुको ढिलो लगत कट्टा गरेका कारण मूत्यु पश्चात पनि रकम लाभग्राहीको बैक खातामा जम्मा गरेको देखिएकोले पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| वडा नं | नाम | नागरिकता नम्बर | ब्यक्तिगत नम्बर | मृत्यु भएको मिति | वितरण हुनु पर्ने | वितरण भएको | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| ३ | BISHNU MAYA KHATRI | 735-248 | 2002010400574 | 2080.3.22 | 46934 | 48000 | 1066 |
| 2 | SHANTA KARKI | 29624 | 2032042800459 | 2080.3.7 | 29881 | 31920 | 2039 |
| 1 | Mitra Kumari Khatri | 17528 | 1994123105846 | 2079.5.25 | 7334 | 12000 | 4666 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 3 | Punya Prasad Pokhrel | 1049-100 | 1990113000237 | 2079.9.9 | 21200 | 24000 | 2800 |
| 6 | Ram Rekha Ghimire | 210-262 | 1997100700208 | 2079.8.27 | 19600 | 24000 | 4400 |
| 1 | Mitra Kumari Khatri | 17528 | 1994123105846 | 2079.5.25 | 7334 | 12000 | 4666 |
| 1 | Dev Maya Upreti | 3098 | 2001010302988 | 2079.5.25 | 7334 | 12000 | 4666 |
| 4 | Chandra maya Pokhrel | 1313-131 | 1984021700214 | 2079.5.24 | 7201 | 12000 | 4799 |
| 3 | Krishna Bahadur Adhkari | 29521 | 2007031507794 | 2079.5.31 | 8000 | 12000 | 4000 |
| जम्मा | | | | | | | **33102** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,१०२ |

## १०६ नागरिकता नम्बर एउटै भएका लाभग्राही

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका वडाको प्रथम त्रैमासिकको लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता निकासाको विवरण नमुना परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको देखिएको छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको लाभग्राहीहरुको विवरण परीक्षण गरी लगत कट्टा गर्ने वा दोहोरो परेको भए सम्वन्धीतबाट असुल गरी एम आइ एस प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ।

| क्रस | लाभग्राहीको नाम | व्यक्तिगत परिचय नं | नागरिकता नम्बर | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | BATULI MAYA BAYALKOTI | 1988041700118 | 223049-329 | 12000 |
| 3 | SABITRA RANA MAGAR | 2024032800904 | 223049-329 | 7980 |
| 1 | CHATURE MAJHI | 2011111003823 | 2403 | 12000 |
| 7 | TEK BAHADUR SUNUWAR | 1992010700265 | 2403 | 12000 |
| 3 | GOPAL KRISHNA SHARMA | 2003100513235 | 95 | 12000 |
| 4 | THAKUR MIJAR | 2065012500089 | 95 | 6384 |
| 3 | GUMVA NEPALI | 2011123016995 | 2248 | 12000 |
| 3 | JIT BAHADUR BISHWOKARMA | 2007123022934 | 2248 | 12000 |
| 3 | JHILKE SARKI | 2017080200928 | 1484 | 7980 |
| 3 | DENIL RAMTEL | 2076091604353 | 1484 | 1596 |
| 3 | Shiva Maya Majhi | 2020050802483 | 2509 | 12000 |

| | | | | |
|---|---|---|---|---|
| 3 | TANKA BAHADUR KHADKA | 2000123194092 | 2509 | 1596 |
| 7 | DALLI SARKI | 2012010600321 | 1881 | 10660 |
| 4 | LAL MAYA SUNUWARNI | 2021123021773 | 1881 | 7980 |
| 4 | KHIR KUMARI KHADKA | 2010040200933 | 1917 | 12000 |
| 6 | KHADAK MAYA SUBEDI | 2020092200118 | 1917 | 7980 |
| 4 | Netra Nath Jogi | 2012011511758 | 31 | 8000 |
| 5 | TARA DEVI KHATI | 2061060301306 | 31 | 6384 |
| 3 | OM KUMARI KHADKA | 2009060901591 | 2059 | 2660 |
| 4 | ABIYAL BISUNKE | 2079031006481 | 2059 | 12000 |
| 4 | KAMALA CHHAN KHADKA | 2033081200379 | 223052-44 | 7980 |
| 5 | KALPANA BAJAGAIN | 2044082002052 | 223052-44 | 7980 |
| 6 | SANTA MAYA PHUYAL | 2016030700128 | 223051-28 | 7980 |
| 6 | GITA SARKI | 2022101800252 | 223051-28 | 7980 |

१०७ **दोहोरो नाम तथा नागरिकता नम्बर परेका लाभग्राही**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार प्रत्येक स्थानीय तहका वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्वन्धीत वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ । एम.आई.एस लगत परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश हुनुपर्ने र दोहोरो हुनेगरी बैंक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रु.

| **लाभाग्राहीको नाम** | **व्यक्तिगतनम्बर** | **नागरिकतानम्बर** | **वडा** | **किस्ता** | **रकम** |
|---|---|---|---|---|---|
| CHANDRA BAHADUR SUNUWAR | 1980040200075<br>1980040200075 | 1503-141 | ७ | चौथो | १२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

संपरीक्षणबाट थप भएको बेरूजू

| **क्र.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । भौ.२५-२०८०।२।२९ (प्रदेश) पालिकाले पिङ्गहाले चौर देखि कुप्री झ्याङ हुदै मजुवा स्वारो दलित बस्तीसम्म सडक निर्माणको | ६३२८०.०० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| | कार्य उपभोक्ता समितिसंग रु.३२०७४४५।९१ (जन सहभागिता सहित) को लागत अनुमान तयार गरी सम्झौता गरेको पाइयो । उपभोक्ता समितिले गरेको उक्त कार्यको कार्य मूल्यांकन गरी रु.३१७३८५१।३७ को कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी दिएको पाइयो । उक्त योजनाको नापी किताबको मूल्यांकनको आधारमा आरसिसि कार्यमा जम्मा ७४७ बोरा सिमेन्ट प्रयोग हुनेमा उपभोक्ता समितिवाट ८२७ बोरा सिमेन्टको बिल पेश भई भुक्तानी भएको देखिन्छ । योजनामा आवश्यकता भन्दा बढी ८० बोरा सिमेन्ट प्रति बोरा रु.७९१।—(मु.अ.कर समेत) ले हुने रु.६३२८०।— बराबर सिमेन्टको प्रयोगको अवस्था प्राविधिक मूल्यांकन सहित पेश हुनुपर्ने रु. | |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष-** २०७९/८०

**कार्यालय र स्थान-** तामाकोशी गाउँपालिका, दोलखा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वद्रीप्रसाद शर्मा वाग्ले | २०८०-१-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | नेत्रराज गिरी | २०७९-१०-२२ | २०८०-१२-१ |
| कार्यालय प्रमुख | Gorkhnath Mishra | २०७९-२-९ | २०७९-९-८ |
| लेखा प्रमुख | राम बहादुर कार्कि | २०७९-७-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bijaya Luitel | २०७९-२-९ | २०७९-७-२ |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५२५,५९५ | १९,९२९,००७.१५ | १६,०८२,७४९.५ | ० | ० | ३००,००० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | ३७,८३७,३५१.६५ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | ७,२२१,७६४ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ६३,२८० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | ३०,६७८,८६७.६५ |

**स्थानीय तह -**

| गत बर्षको जिम्मेवारी | | १२२६१८५१५.०२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७२९३७८२० | चालु खर्च | ३७९८१८२४४ |
| प्रदेश सरकारबाट अनुदान | ४७०६३६१० | पूँजीगत खर्च | २०७५६५०४८ |
| राजश्व बाँडफाँट | ८२६४३७७६.९२ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | ३४३६२०८९.५३ | | |
| अन्य आय | ३८६१२६७.० | | |
| कुल आय | ५४०८६८५६३.४५ | कुल खर्च | ५८७३८३२९२ |
| बाँकी मौज्दात | | ७६१०३७८६.४७ | |

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

| विवरण | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सो झैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सो झैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ७६,३६,०९,०२५.६७ | ५४,०८,६८,५६३.४५ | | ५४,०८,६८,५६३.४५ | ५९,६६,७४,८४४.७० | | ५९,६६,७४,८४४.७० |
| क. प्राप्ति (संचितको षमा आम्दानी बाँधिने) | ७४,८७,५१,८३४.६७ | ५३,७०,०७,२९६.४५ | ० | ५३,७०,०७,२९६.४५ | ५९,२८,७०,९००.७० | ० | ५९,२८,७०,९००.७० |
| ११००० कर | ९,२०,३४,७९६.०० | ८,२६,४३,७७६.९२ | ० | ८,२६,४३,७७६.९२ | ९,१६,५७,६४०.५४ | ० | ९,१६,५७,६४०.५४ |
| १३००० अनुदान | ४८,६०,४३,८६८.०० | ४२,००,०१,४३०.०० | ० | ४२,००,०१,४३०.०० | ४४,७२,४५,५५३.०० | ० | ४४,७२,४५,५५३.०० |
| संघीय सरकार | ४१,६९,१२,८६८.०० | ३७,२९,३७,८२०.०० | ० | ३७,२९,३७,८२०.०० | ३८,९०,११,१७२.०० | ० | ३८,९०,११,१७२.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | ६,९१,३१,० ००.०० | ४,७०,६३,६ १०.०० | ० | ४,७०,६३,६ १०.०० | ५,६९,६८,५ ००.०० | ० | ५,६९,६८,५ ००.०० |
| अन्तरिक श्रोत | ० | ० | ० | ० | १२,६५,८८ १.०० | ० | १२,६५,८८ १.०० |
| जनसहभा गिता | ० | ० | ० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | ७,५६,७१,५ १६.०० | ३,४३,६२,० ८९.५३ | ० | ३,४३,६२,० ८९.५३ | ५,३९,६७,७ ०७.१६ | ० | ५,३९,६७,७ ०७.१६ |
| ३२००० वित्तीय सम्पत्ति | ९,५०,०१,६ ५४.६७ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १,४८,५७,१ ९१.०० | ३८,६१,२६ ७.०० | | ३८,६१,२६ ७.०० | ३८,०३,९४ ४.०० | | ३८,०३,९४ ४.०० |
| वितरण गर्न बाकी राजस्व | ० | १४,२८,४४ १.०० | ० | १४,२८,४४ १.०० | ६००. | ० | ६००. |
| कोषहरु | १,४८,५७,१ ९१.०० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | ० | २४,३२,८२ ६.०० | ० | २४,३२,८२ ६.०० | ३८,०३,३४ ४.०० | ० | ३८,०३,३४ ४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ७६,३६,०९, ०२५.६७ | ५८,७३,८३, २९२.०० | | ५८,७३,८३, २९२.०० | ५७,६०,१३, ४९९.२१ | | ५७,६०,१३, ४९९.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७४,८७,५१, ८३४.६७ | ५७,७७,८९, २६७.०० | | ५७,७७,८९, २६७.०० | ५६,९७,०८, १६६.२१ | | ५६,९७,०८, १६६.२१ |
| २१००० पारिश्रमि | २५,९३,६४, ०००.०० | २३,०२,५४, ९२९.४९ | ० | २३,०२,५४, ९२९.४९ | १९,२२,२४, १६४.७८ | ० | १९,२२,२४, १६४.७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क / सुविधा | | | | | | | |
| २२००० मालसामान तथा सेवाको उपयोग | १६,४६,६८,६४९.६७ | १२,६२,३२,७८४.५१ | ० | १२,६२,३२,७८४.५१ | ९,५९,८०,१४९.१९ | ० | ९,५९,८०,१४९.१९ |
| २५००० सहायता (Subsidy) | २४,५०,०००.०० | ९,५०,०००.०० | ० | ९,५०,०००.०० | १,४४,२३,८६८.०० | ० | १,४४,२३,८६८.०० |
| २६००० अनुदान | ५१,००,०००.०० | २४,२७,८००.०० | ० | २४,२७,८००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ६३,४५,०००.०० | ५५,२७,०१०.०० | ० | ५५,२७,०१०.०० | १,२२,११,४८९.६७ | ० | १,२२,११,४८९.६७ |
| २८००० अन्य खर्च | ६४,३०,०००.०० | ४८,३१,६९५.०० | ० | ४८,३१,६९५.०० | ३१,०२,९७३.०० | ० | ३१,०२,९७३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३०,४३,९४,१८५.०० | २०,७५,६५,०४८.०० | ० | २०,७५,६५,०४८.०० | २५,१७,६५,५२१.५७ | ० | २५,१७,६५,५२१.५७ |
| घ. अन्य भूक्तानी | १,४८,५७,१९१.०० | ९५,९४,०२५.०० | | ९५,९४,०२५.०० | ५७,६०,१३,४९९.२१ | | ५७,६०,१३,४९९.२१ |
| कोषहरु | १,४८,५७,१९१.०० | ८८,१६,०११.०० | ० | ८८,१६,०११.०० | ४०,९७,२३४.०० | ० | ४०,९७,२३४.०० |
| धरौटी | ० | ८,४३,५८८.०० | ० | ८,४३,५८८.०० | २२,०८,०९९.०० | ० | २२,०८,०९९.०० |
| संघीय, प्रदेश सरकार | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वा अन्य कार्यक्रम | | | | | | | |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -६५,५७४.०० | | -६५,५७४.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,६५,१४,७२८.५५) | | (४,६५,१४,७२८.५५) | २,०६,६१,३४५.४९ | | २,०६,६१,३४५.४९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १२,२६,१८,५१५.०२ | | १२,२६,१८,५१५.०२ | १५,४२,३२,९७०.८२ | | १५,४२,३२,९७०.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ७,६१,०३,७८६.४७ | | ७,६१,०३,७८६.४७ | १७,४८,९४,३१६.३१ | | १७,४८,९४,३१६.३१ |
| बैंक तथा नगद बाकी | | ७,२४,८४,७२८.९७ | | ७,२४,८४,७२८.९७ | १५,९१,६४,८८४.३१ | | १५,९१,६४,८८४.३१ |

बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | पद | सेवा समुह | दरवन्दी संख्या | पदपूर्ती संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|
| 1. | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | १ | १ | ० |
| 2. | अधिकृत (आठौं) | कृषि, भेटेरिनरी | १ | ० | १ |
| 3. | ईन्जिनियर ( सातौं) | ईन्जि. | १ | १ | ० |
| 4. | अधिकृत (छैठौं ) | शिक्षा | १ | १ | ० |
| 5. | अधिकृत (छैठौं ) | लेखा | १ | १ | ० |
| 6. | अधिकृत (छैठौं ) | प्रशासन | २ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| 7. | अधिकृत (छैठौं ) | कृषि, भेटेरिनरी, | १ | १ | ० |
| 8. | अधिकृत (छैठौं ) | कृषि, बाली | १ | १ | ० |
| 9. | आन्तरिक लेखापरिक्षक (पाँचौं) | प्रशासन | १ | ० | १ |
| 10. | सहायक पाँचौ | प्रशासन | ४ | १ | ३ |
| 11. | कम्प्युटर अपरेटर पाँचौ | विविध | १ | ० | १ |
| 12. | लेखा सहायक पाँचौ | प्रशासन | १ | ० | १ |
| 13. | प्रा.स., पाँचौ | कृषि, भेटेरिनरी | १ | १ | ० |
| 14. | प्रा.स. पाँचौ | कृषि, ला.पो.डे.डे. | २ | १ | १ |
| 15. | प्रा.स., पाँचौ | कृषि बाली | २ | १ | १ |
| 16. | प्रा.स चौथो | कृषि ला.पो.डे.डे. | २ | २ | ० |
| 17. | प्रा.स. चौथो | कृषि भेट | २ | १ | १ |
| 18. | प्रा स चौथो | कृषि बाली | १ | १ | ० |
| 19. | प्रा स शिक्षा | शिक्षा | १ | १ | ० |
| 20. | हे.अ / सि.अ.हे व | स्वास्थ्य | १ | १ | ० |
| 21. | सि.अ न मी | स्वास्थ्य | १ | ० | १ |
| 22. | सब ईञ्जिनियर | ईन्जि. | १ | ० | १ |
| 23. | असिष्टेन्ट सब ईञ्जिनियर | ईन्जि. | १ | १ | ० |
| 24. | सहायक महिला विकास निरीक्षक | विविध | १ | ० | १ |
| 25. | खा पा स टे | ईन्जि. | १ | १ | ० |
| | | **वडातर्फ** | | | |
| 26. | सहायक पाँचौ | प्रशासन | ३ | २ | १ |
| 27. | सब –ईन्जिनियर | ईन्जि | ३ | २ | १ |
| 28. | सहायक चौथो | प्रशासन | ४ | ० | ४ |
| 29. | अ.सब –ईन्जिनियर | ईन्जि | ४ | ४ | ० |
| 30. | हे.अ. पाँचौ | स्वा. | ७ | ७ | ० |
| 31. | अ.हे.व / सि.अ.हे.व. | स्वा. | १४ | १४ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| 32. | अ.न.मी. | स्वा. | १४ | १३ | १ |
| 33. | का.स. | स्वा | ७ | ७ | ० |
| 34. | का.स | प्रशासन | २ | २ | ० |
| **स्वाध्यतर्फ** | | | | | |
| 35. | अ हे व | स्वा | ५ | ५ | ० |
| 36. | अ न मी | स्वा | ७ | ६ | १ |
| 37. | स्टाफ नर्स | स्वा | २ | १ | १ |
| 38. | रेडियोग्राफर | स्वा | १ | १ | ० |
| 39. | ल्याब असिष्टेन्ट | स्वा | ४ | ४ | ० |
| 40. | का स | स्वा | ४ | २ | २ |
| 41. | मेडिकल अफिसर | स्वा | १ | १ | ० |
| जम्मा | | | **११५** | **९०** | **२५** |

बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -५

| शिक्षक दरबन्दी र पदपूर्ति स्थिति | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपूर्ति संख्या | पदपूर्ति मध्ये | | | रिक्त संख्या |
| | | | | स्थायी | राहत | करार | |
| १ | श्री नारायणी मा.वि. | 15 | 14 | 7 | 6 | १ | 2 |
| २ | श्री भीमेश्वर आ.वि. | 5 | 5 | 5 | ० | ० | ० |
| ३ | श्री गणेश आ.वि. | 8 | 6 | 5 | 1 | 2 | 0 |
| ४ | श्री बुढीचण्डीका प्रा वि | ३ | 2 | 1 | 2 | ० | ० |
| ५ | श्री इन्द्रावती प्रा वि | २ | 2 | 2 | ० | ० | ० |
| ६ | श्री अमर मा.वि. | १४ | 14 | 9 | ० | 4 | 1 |
| ७ | श्री जनप्रभात मा.वि. | १२ | 12 | 8 | ० | २ | 2 |
| ८ | श्री जनता आ.वि. | ५ | 5 | 5 | ० | ० | ० |
| ९ | श्री नयाँज्योति आ.वि. | २ | 2 | 1 | 1 | ० | ० |
| १० | श्री सितापाइला मा.वि. | १५ | 15 | 1 | ० | 14 | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | श्री कालापानी मा.वि. | १२ | 12 | 3 | 6 | 2 | 1 |
| १२ | श्री चनौटे आ.वि. | ६ | 6 | 4 | 1 | 1 | ० |
| १३ | श्री छौडे आ.वि. | ७ | 7 | 2 | 4 | 1 | ० |
| १४ | श्री जागृति आ.वि. | २ | 2 | 2 | ० | ० | ० |
| १५ | श्री गोल्मेश्वर मा.वि. | १७ | 17 | 10 | 2 | ४ | 1 |
| १६ | श्री सिद्धेश्वर मा.वि. | १० | 10 | 4 | 6 | ० | ० |
| १७ | श्री गुसेश्वर मा.वि. | ९ | 9 | 6 | 3 | ० | ० |
| १८ | श्री लट्टेश्वर प्रा.वि. | १ | 1 | ० | 1 | ० | ० |
| १९ | श्री सेतिदेवि प्रा.वि. | १ | 1 | ० | 1 | ० | ० |
| २० | श्री शंखेश्वर आ वि | ७ | ७ | 5 | 2 | ० | ० |
| २१ | श्री जनजागृति मा.वि. | १५ | 15 | 5 | 9 | १ | 0 |
| २२ | श्री कालिका प्रा वि | २ | 2 | 1 | 1 | ० | ० |
| २३ | श्री त्रिकुटेश्वर मा.वि. | ८ | 8 | 3 | 3 | 2 | ० |
| २४ | श्री जाल्पादेवि प्रा वि | ३ | 3 | 1 | 2 | ० | ० |
| २५ | श्री सरस्वती प्रा.वि. | २ | 2 | ० | 2 | ० | ० |
| २६ | श्री सूर्योदय प्रा.वि. | ३ | 3 | ० | 2 | 1 | ० |
| २७ | श्री जनकल्याण प्रा.वि. | २ | 2 | 1 | 1 | ० | ० |
| २८ | श्री महेन्द्र मा.वि. | १९ | 18 | 4 | 11 | 4 | ० |
| २९ | श्री सिद्धेश्वर प्रा.वि. | ४ | 4 | 1 | 3 | ० | ० |
| ३० | श्री जनज्योति आ वि | ७ | 7 | 4 | 1 | 2 | ० |
| ३१ | श्री दुम्सीझाङ आ.वि. | ८ | 8 | 1 | 1 | ६ | ० |
| ३२ | श्री कालिका मा.वि. | १५ | 15 | 8 | 2 | 5 | ० |
| ३३ | श्री अम्बिका आ.वि. | ८ | 8 | 4 | 2 | 2 | ० |
| | **जम्मा** | **249** | **244** | **113** | **76** | **53** | **7** |

बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -६

## शिक्षक विद्यार्थी अनुपात

| सि.न | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपूर्ति संख्या | विद्यार्थी संख्या | शिक्षक/विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| 1 | श्री नारायणी मा.वि. | 15 | 14 | 174 | 12.43 |
| 2 | श्री भीमेश्वर आ.वि. | 5 | 5 | 69 | 13.80 |
| 3 | श्री गणेश आ.वि. | 8 | 6 | 105 | 17.50 |
| 4 | श्री बुढीचण्डीका प्रा वि | ३ | 2 | 25 | 12.50 |
| 5 | श्री इन्द्रावती प्रा वि | २ | 2 | 15 | 7.50 |
| 6 | श्री अमर मा.वि. | १४ | 14 | 137 | 9.79 |
| 7 | श्री जनप्रभात मा.वि. | १२ | 12 | 201 | 16.75 |
| 8 | श्री जनता आ.वि. | ५ | 5 | 66 | 13.20 |
| 9 | श्री नयाँज्योति आ.वि. | २ | 2 | 10 | 5.00 |
| 10 | श्री सितापाइला मा.वि. | १५ | 15 | 244 | 16.27 |
| 11 | श्री कालापानी मा.वि. | १२ | 12 | 109 | 9.08 |
| 12 | श्री चनौटे आ.वि. | ६ | 6 | 51 | 8.50 |
| 13 | श्री छौंडे आ.वि. | ७ | 7 | 73 | 10.43 |
| 14 | श्री जागृति आ.वि. | २ | 2 | 27 | 13.50 |
| 15 | श्री गोल्मेश्वर मा.वि. | १७ | 17 | 332 | 19.53 |
| 16 | श्री सिद्धेश्वर मा.वि. | १० | 10 | 93 | 9.30 |
| 17 | श्री गुसेश्वर मा.वि. | ९ | 9 | 87 | 9.67 |
| 18 | श्री लट्टेश्वर प्रा.वि. | १ | 1 | 10 | 10.00 |
| 19 | श्री सेतिदेवि प्रा.वि. | १ | 1 | 6 | 6.00 |
| 20 | श्री शंखेश्वर आ वि | ७ | ७ | 72 | 10.29 |
| 21 | श्री जनजागृति मा.वि. | १५ | 15 | 206 | 13.73 |
| 22 | श्री कालिका प्रा वि | २ | 2 | 22 | 11.00 |
| 23 | श्री त्रिकुटेश्वर मा.वि. | ८ | 8 | 103 | 12.88 |
| 24 | श्री जाल्पादेवि प्रा वि | ३ | 3 | 24 | 8.00 |
| 25 | श्री सरस्वती प्रा.वि. | २ | 2 | 13 | 6.50 |
| 26 | श्री सूर्योदय प्रा.वि. | ३ | 3 | 37 | 12.33 |

| | | | | | |
|---|---|---|---|---|---|
| 27 | श्री जनकल्याण प्रा.वि. | २ | 2 | 14 | 7.00 |
| 28 | श्री महेन्द्र मा.वि. | १९ | 18 | 310 | 17.22 |
| 29 | श्री सिद्धेश्वर प्रा.वि. | ४ | 4 | 46 | 11.50 |
| 30 | श्री जनज्योति आ वि | ७ | 7 | 80 | 11.43 |
| 31 | श्री दुम्सीझाङ आ.वि. | ८ | 8 | 88 | 11.00 |
| 32 | श्री कालिका मा.वि. | १५ | 15 | 235 | 15.67 |
| 33 | श्री अम्बिका आ.वि. | ८ | 8 | 96 | 12.00 |

बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -७

| भौ.नं र मिति | कामको विवरण | फर्म/उपभोक्ता समिति | आइटम | नापी भएको परिमाण घ.मि. | दिएको दर | दिनुपर्ने दर | बढी दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २४-२०८०।३।२० | सडक स्तरोन्नति | नसखर्क जन्ते भिरमुनी सडक | ग्याबियन जालीमा ब्याक फिलिङ | १६८ | ११८.६५ | ८४.७५ | ३३.९० | ५६९५ |
| २५-२०८०।३।२२ | सडक निर्माण | पिङहाले चौर देखि कुप्री घ्याङ हुँदै मजुवा स्वारो दलित वस्ती सम्म सडक निर्माण | ,, | ९८ | ११८.६५ | ८४.७५ | ३३.९० | ३३२२ |
| ३०-२०८०।३।२२ | सडक निर्माण | तिलक स्मृती डिहीगाउँ च्यामा बेसी खिम्ती खोला सडक निर्माण | ,, | २० | ११८.६५ | ८४.७५ | ३३.९० | ३३२२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५८-२०८०।१।२७ | सडक संरक्षण योजना | तोरी श्वारा लिङ्गेडाँडा सडक | ,, | १०७.४५ | ११८.६५ | ८४.७५ | ३३.९० | ३६४२ |
| २३७-२०८०।३।२० | सडक निर्माण | भोर्ले तिनकुने शहरे सडक निर्माण योजना शहरे उ.स. | ,, | ७२ | ११८.६५ | ८४.७५ | ३३.९० | २३९४ |
| २१५-२०८०।३।१२ | भल कटान योजना | सिद्धथान उने चौर भलकटान योजन उ.स. | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | ५४.९९ | ११६१८.४४ | ११२७५.५४ | ३४२.९० | १८८५६ |
| २३२-२०८०।३।१५ | सिंचाइ मर्मत तथा विस्थार | शहरे समग्र सिंचाई तथा विस्तार उ.स. | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | १२.९० | ११७१८.४५ | ११३४५.५५ | ३७२.९० | ४८१० |
| २३८-२०८०।३।२० | पदमार्ग निर्माण | सोती आर्यघाट पदमार्ग निर्माण उ.स. | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | ५८.३३ | ११२८१.६१ | १०९०८.७१ | ३७२.९० | २१७५१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २३८-२०८०।३।२० | पहिरो नियन्त्रण योजना | गहते गुम्बा पहिरो नियन्त्रण योजना | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | २८.८९ | १०८३८.०२ | १०४६५.१२ | ३७२.९० | १०७७३ |
| २३८-२०८०।३।२० | सडक निर्माण | कुमाले डाँडा गाउँ कालापानी रैकर धारापानी निर्माण उ.स. | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | ४४.७० | १०८८४.२७ | १०५११.३७ | ३७२.९० | १६६६८ |
| २७५-२०८०।३।२३ | खानेपानी योजना | शहरे वृहत खानेपानी उ.स. | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | २३.२२ | १५८२७.३७ | १५४५४.४७ | ३७२.९० | ८६८५ |
| २८५-२०८५।३।२४ | सडक मर्मत | डुँडे बाँसवोटे जामुने सडक मर्मत उ.स. | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशत कंक्रिट र ढुंगाको प्लम वाल कार्य | ३९.६५ | १०९९६.१६ | १०६२३.२६ | ३७२.९० | १४७८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९७-२०८०।३।२४ | सडक स्तरोन्नति | पालिका कार्यालयको ठुलोखेत सडक निर्माण | १:२:४ को ६० प्रतिशत र ४० प्रतिशतको प्लम वाल र पिसिसि र आरसिसि को कार्य | २१७.४२ | ३४५३.७२ | ३०८०.८२ | ३७२.९० | ८१०७५ |
| | | | | | | | **जम्मा** | **१९५७७८** |